# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक २०७ | काठमाडौं | सोमबार, ११ मंसिर २०८० | Prabhab National Daily | Monday, November 27, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

# कलेज सञ्चालकको लहैलहैमा स्वास्थ्यमन्त्री

## पदबाट बर्खास्त गर्न डा. केसीको माग

■ **सम्झना राई**





**काठमाडौं–** चिकित्सा शिक्षामा सुधारको माग गर्दै आएका डा. गोविन्द केसीले स्वास्थ्यमन्त्री मोहन बस्नेतलाई मन्त्री पदबाट बर्खास्त गर्न माग गरेका छन् । आइतबार एक विज्ञप्ति जारी गर्दै डा. केसीले मन्त्री बस्नेत स्वास्थ्यसम्बन्धी कुनै ज्ञान नभएका व्यक्ति भएको दाबी गर्दै बर्खास्त गर्न सरकारसँग माग गरेका हुन् ।

'पद सम्हालेयता स्वास्थ्यमन्त्री मर्यादाविपरीतका क्रियाकलाप गर्दै आइरहेका छन् । सुरुदेखि नै स्वास्थ्यमन्त्री माफियाहरूको पक्षमा नग्नरुपमा नै वकालत गर्दै आइरहेका छन् र सम्बन्धित सरकारी निकायहरूलाई खुलारूपमा दबाब र धम्की दिइरहेका छन्,' डा. केसीले विज्ञप्तिमा भनेका छन्, 'यसले के प्रमाणित गर्छ भने स्वास्थ्यमन्त्री माफियाका नाइके हुन् र उनी मन्त्री पदमा रही रहनु लोकतान्त्रिक मूल्यमान्यताको बर्खिलाप हो । निजलाई तत्काल पदमुक्त गरियोस् ।'

स्वस्थ्यमन्त्री बस्नेतले शनिबारमात्र डा. केसीले जनताको हितविपरीत अनसन बसेको आरोप लगाएका थिए । चिकित्सा शिक्षा सुधारका लागि पटक-पटक अनसन बस्दै आएका डा. केसी मेडिकल व्यवसायीको तारो बन्दै आएका छन् । पछिल्लोपटक अस्पतालमा नर्सहरूको अभाव उनकै कारण भएको आरोप लाग्दै आएको छ । यही विषयमा स्वस्थ्यमन्त्री बस्नेतले नेपाल मेडिकल शिक्षाको हब बनाउन सकिने तर्क गर्दै केसीको आन्दोलन जनताको हितविपरीत रहेको बताए ।

'नेपाललाई मेडिकल शिक्षाको हब बनाएर राख्न सक्ने हैसियत, तागत र वातावरण हामीसँग हुँदाहुँदै पनि हामीमा बुद्धिमा खिया लागेर हो वा कसैको दलाली गर्न लागेर हो वा कसैको बहकाउमा लागेर हो । हामी हिँडिराखेका छौं । म यो पनि भन्छु- म अनसन बसिदिन्छु भन्नुहुन्छ एक जनाले,' शनिबार राष्ट्रिय ट्रमा सेन्टरले आयोजना गरेको कार्यक्रममा डा. केसीतर्फ इंगित गर्दै बस्नेतले भनेका थिए, 'उहाँ बस्नु भएपछि तपाईं फेरि सेतो कोट लगाएर उहाँको बचाऊमा हिँडिहाल्नुहुन्छ ।'

गोविन्द केसी ठीक भए पनि उनले सञ्चालन गर्ने गिरोहहरू ठीक नभएको भनेर सम्झाउनसमेत चिकित्सकहरूलाई उनले सुझाएका थिए । 'किन हिँडेको भनेर मैले सोधेँ ।


(बाँकी पष्ठ २ मा)

> स्वास्थ्यमन्त्री माफियाका नाइके हुन् र उनी मन्त्री पदमा रही रहनु लोकतान्त्रिक मूल्यमान्यताको बर्खिलाप हो । निजलाई तत्काल पदमुक्त गरियोस् ।
>
> ■ **डा. गोविन्द केसी**

> नेपाललाई मेडिकल शिक्षाको हब बनाएर राख्न सक्ने हैसियत, तागत र वातावरण हामीसँग हुँदाहुँदै पनि हामीमा बुद्धिमा खिया लागेर हो वा कसैको दलाली गर्न लागेर हो वा कसैको बहकाउमा लागेर हो । हामी हिँडिराखेका छौं । म यो पनि भन्छु– म अनसन बसिदिन्छु भन्नुहुन्छ एक जनाले उहाँ बस्नु भएपछि तपाईं फेरि सेतो कोट लगाएर उहाँको बचाऊमा हिँडिहाल्नुहुन्छ ।
>
> ■ **मोहनबहादुर बस्नेत**
> **स्वास्थ्यमन्त्री**

# प्रसाईंको अभियान सामसुम

■ **जेबी योञ्जन**



**काठमाडौं–** केही हजार मानिसलाई गत बिहीबार काठमाडौंको बल्खुमा आयोजित प्रदर्शनमा उतारेर व्यवस्था परिवर्तनका लागि 'जनविद्रोह' सुरु गरेको भनेर दाबी गरेका विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईं नेतृत्वको अभियान शिथिल बनेको छ । प्रदर्शनका लागि देशका विभिन्न स्थानबाट आएकाहरू राजधानीबाट धमाधम फर्किएका छन् । उनी प्रदर्शन गर्नै नसक्ने अवस्थामा पुगेका छन् । घोषित कार्यक्रमअनुसार आइतबार प्रदर्शन गर्न उनी असफल नै भए ।

भक्तपुरको सानोठिमीस्थित घरमै केही सातादेखि राखिएका करिब ६० जना लघुवित्त र सहकारीका ऋणीहरूलाई भने एकैछिन र्‍यालीमा सहभागी गराए । प्रदर्शन गर्न नसक्नुको दोष भने प्रसाईंले जाडो बढ्नुलाई दिएका छन् ।

'मान्छेहरू बस्थे । तर, यहाँ (काठमाडौंमा) चिसो बढेको छ । कति थेग्न सकिन्छ र चिसो ? सकिँदैन नि,' उनले प्रभावसँग भने, 'तर, अभियान रोकिँदैन । देशभर भइरहन्छ ।'

आइतबार काठमाडौंको सिफल चौरमा गरेको प्रदर्शनमा ५०० जना मानिस सहभागी गराउन पनि प्रसाईंलाई हम्मे भयो । यसपछि प्रसाईंले 'लज्जास्पद प्रदर्शन' गर्न नचाहेको उनीनिकट एक नेताले बताए । ती नेताका अनुसार अहिले प्रदर्शनका लागि आएकाहरू झन् घटेका छन् ।

जबकि, प्रसाईंले उनीहरूलाई चामल र गुन्द्रुक बोकेर आजसम्म प्रदर्शन गर्नका लागि आउन आह्वान गरेका थिए । प्रदर्शन गर्नुको कारण संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा लघुवित्त, सहकारी र बैंकहरूबाट जनता पीडित भएको र यसबाट मुक्तिका लागि व्यवस्था नै परिवर्तन गर्नुपर्ने उनको धारणा थियो । त्यसका लागि १ फागुन २०५२ मा तत्कालीन नेकपा माओवादीको नेतृत्वमा भएजसरी जनविद्रोह गर्नुपर्ने बताएका थिए । तर, उनले भनेको 'जनविद्रोह' सामसुम भइसकेको छ ।

उसो त चारवटै सुरक्षा संगठनहरू नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान रहेको राष्ट्रिय सुरक्षा परिषद्ले गत बिहीबार नै दुई दिन पनि प्रसाईं नेतृत्वको समूहले प्रदर्शन गर्न नसक्ने निष्कर्ष निकालेको थियो ।

प्रसाईं नेतृत्वमा 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाऊ महाअभियान' नामक समूह छ । हिन्दू धर्मगुरु, राजावादी र धर्मनिरपेक्ष विरोधीहरू आबद्ध उक्त समूहले पहिले दाबी गरेअनुसार लगातार प्रदर्शन गर्न सकेन । प्रहरीले शुक्रबार एकै दिनमा आन्दोलनलाई नियन्त्रणमा लियो । यसपछि प्रसाईं युटचुबरसँग अन्तर्वार्ता दिएर दिन कटाउन थालेका छन् ।

यद्यपि हाँक दिँदै उनले भने, 'यो कुरा बुझ्नुहोस् कि यी गणतन्त्रवादीहरूले एकदिन सत्ता छाड्नुपर्छ । दुर्गति हुन्छ, हुन्छ ।' उनी नेतृत्वको समूह भने शक्तिहीन देखिएको छ ।

(बाँकी पष्ठ २ मा)

> मान्छेहरु बस्थे । तर, यहाँ चिसो बढेको छ । कति थेग्न सकिन्छ र चिसो ? सकिँदैन नि । तर, अभियान रोकिँदैन । देशभर भइरहन्छ ।
>
> ■ **दुर्गा प्रसाईं**

- प्रदर्शनमा आएकाहरु घर फर्किए
- अपेक्षित प्रदर्शन गर्न प्रसाईं असफल
- युट्युबरसँग अन्तर्वार्ता दिँदै दिन कटाउँदै प्रसाईं
- राजतन्त्रको नारा छाडेर जनतन्त्रको वकालत

## प्रधानमन्त्रीको एक तीर, दुई निशाना !



**काठमाडौं (प्रस)–** व्यवस्था परिवर्तनलाई मूल एजेण्डा बनाएर प्रदर्शनमा उत्रिएका दुर्गा प्रसाईं प्रधानमन्त्री पुष्पकमल दाहालप्रति निकै नरम भएर प्रस्तुत हुँदै आएका छन् । आइतबार त उनले दाहालसँग उच्च राजनीतिक संस्कार रहेको भन्दै प्रशंसा गरे । यतिसम्म कि व्यवस्था परिवर्तनका लागि आफूले थालेको प्रदर्शनका लागि प्रधानमन्त्री दाहालसँग पैसा मागेको पनि दाबी गरे । तर, प्रधानमन्त्री दाहालले हाँसेर टारेको उनी बताउँछन् ।

'मैले त प्रधानमन्त्री प्रचण्डलाई यो गणतन्त्र फर्याँक्नलाई मलाई सहयोग गर्नुहोस् भनेर पैसै मागें । तर, हाँस्नुमात्रै भयो,' प्रसाईंले भने, 'उहाँ केपी शर्मा ओलीजत्तिको छुद्रो हुनुहुन्न । शालीन हुनुहुन्छ ।'

प्रसाईंको यस्तो अभिव्यक्तिले कतै प्रसाईं र उनको समूहलाई प्रधानमन्त्री दाहालले एमालेविरुद्ध प्रदर्शनमा उतारेका त होइनन् ? शंका गर्नेहरू पनि छन् । फेरि, प्रधानमन्त्री दाहाल ती नेता हुन्, जसको

(बाँकी पष्ठ २ मा)


सन्दर्भ: वैदेशिक रोजगार

# आत्महत्या न्यूनीकरण गर्न 'ह्याप्पी होम रिटर्न' कार्यक्रम

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि इपिएस प्रणालीमार्फत दक्षिण कोरिया पुगेका नेपाली श्रमिकहरूको आत्महत्या न्यूनीकरणका लागि 'ह्याप्पी होम रिटर्न' कार्यक्रम सञ्चालन गरिने भएको छ । वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले रोजगारीका क्रममा कोरियामा हुने नेपाली श्रमिकहरूको बढ्दो मृत्यु र आत्महत्या नियन्त्रण तथा न्यूनीकरणका लागि सचेतना अभियानसहित उक्त कार्यक्रम सञ्चालन गर्न लागिएको जनाएको छ ।

सन् २००८ देखि हालसम्म रोजगारीका लागि कोरिया गएका २५० जनाले ज्यान गुमाइसकेको इपिएस शाखाको तथ्यांकले देखाएको छ । यो १५ वर्षको अवधिमा ज्यान गुमाउनेमध्ये ६८ जना नेपाली श्रमिकले अत्महत्या गरेका छन् । मासिक आम्दानीको हिसाबले आकर्षक मानिएको




कोरिया जाने श्रमिकले आत्महत्या गर्नु दुःखद रहेको भन्दै यसको न्यूनीकरणका लागि सरकारले आवश्यक पहल गरिरहेको इपिएस शाखाका निर्देशक गुरुदत्त सुवेदीले बताए । 'विभिन्न परिस्थितिले डिप्रेसनमा पुगेका र समस्यामा परेका नेपाली श्रमिकहरूलाई मनोवल बढाउन र उद्धार हुने गरी ह्याप्पी होम रिटर्न कार्यक्रम सञ्चालन गरिँदै छ,' उनले भने, 'यस्तो कार्य कोरियास्थित नेपाली राजदूतावासले गर्दै आइरहेको पनि छ, यसैलाई थप मद्दत गर्न र श्रमिकहरूमाझ जनचेतना फैलाउने तथा परामर्श दिने कार्यका लागि १० लाख रुपैयाँ पठाइसकिएको छ ।'

प्रत्येक वर्ष सरदरमा चार जनाले कोरियामा आत्महत्या गर्ने गरेको विभिन्न अध्ययनले देखाएको छ । अत्महत्या गर्नुको प्रमुख कारण डिप्रेसन नै रहेको शाखाले जनाएको छ। यद्यपि डिप्रेसनमा गएकाहरूलाई काउन्सिलिङ गर्ने र पुन आत्मबल जगाई आत्महत्या नियन्त्रणका लागि उक्त कार्यक्रम उपयोगी हुने निर्देशक सुवेदीले बताए । उक्त कार्यक्रम कोरियामा मात्र नभई नेपालमा पनि सञ्चालन गरिने उनले जानकारी दिए । 'घरपरिवारबाट हुने दबाबका कारण पनि आत्महत्याको घटना हुने गरेको पाइएको छ,' निर्देशक सुवेदीले भने, 'यसको नियन्त्रण गर्न पनि इपिएसमार्फत कोरिया गएकाहरूको घर परिवारका सदस्यसँग जनचेतनाका लागि अन्तरक्रिया एवं परामर्श गर्न जरुरी छ ।' यसका लागि सातै प्रदेशमा कार्यक्रम सञ्चालन गर्न लागिएको उनले बताए ।

## वैदेशिक रोजगारीमा ठगिएका १९ जनाको रकम फिर्ता

**तनहुँ–** सुरक्षित आप्रवासन परियोजना (सामी) को पहलमा वैदेशिक रोजगारको सिलसिलामा ठगिएका तनहुँका १९ जनालाई रकम फिर्ता गरिएको छ। आर्थिक वर्ष २०७९/८० मा दर्ता भएका ६२ वटा मुद्दामध्ये परियोजनाले ठगिएका १९ जनाको रकम सफलतापूर्वक फिर्ता गराएको हो ।

सामी कार्यक्रमकी परामर्शकर्ता गोमा तिवारी ३३ लाख ८० हजार रुपैयाँ रकम पीडित व्यक्तिलाई फिर्ता गराइएको जानकारी दिइन् । त्यसैगरी करार उल्लंघन गरेका वा सम्झौताअनुरुप काम गर्न नपाएका २४ घटनामध्ये २३ वटाको सफल कार्य भएको छ । एकादुई घटनाको प्रमाणविहीन रहेकाले प्रक्रिया अघि बढाउन नसकिएको उनले बताइन् । सम्झौताअनुरुप काम नलगाई अन्य काममा पठाइएका व्यक्तिलाई स्वदेश झिकाइ पाँच लाख रूपैयाँ क्षतिपूर्तिबापतका रूपमा उपलब्ध गराइएको छ ।

वैदेशिक रोजगारको सिलसिलामा मृत्यु भएका १८ जनाको शवमध्ये नौ जनाको शव नेपाल झिकाउन सफल भएको सो परियोजनाले जनाएको छ । मृतकका परिवारलाई दुई करोड ९१ लाख चौरासी हजार २६१ रुपैयाँ आर्थिक सहायताका लागि सहजीकरण गरिएको छ । 'श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएका व्यक्ति दुर्घटनामा परी घाइते भएका ३४ जनाले ५० हजार रुपैयाँका दरले आर्थिक सहयोग पाएका छन्,' उनले भनिन्, 'वैदेशिक रोजगारीमा रहेका परिवारका सदस्यले उक्त सहायता रकम पाउने छन् ।'

दुर्घटनामा परी घाइते तथा अपांगता भएको अवस्थामा अवस्था हेरी एक लाखदेखि सात लाख रुपैयाँसम्म पाउने व्यवस्था रहेको परामर्शकर्ता तिवारीले बताइन् । 'उक्त आवमा ५५ लाख ८५ हजार रुपैयाँ आर्थिक सहायता पाएका छन्,' उनले भनिन्, 'दुई जनाको मेडिकल फेल भएकाले ५० हजारका दरले एक लाख रुपैयाँ प्राप्त गरेका छन् ।' *रासस*

# विज्ञापन व्यवसायमा बोर्डको हस्तक्षेपविरुद्ध सर्वोच्चमा रिट

## विज्ञापन (नियमन गर्ने) पहिलो संशोधन नियमावली, २०८० र विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० लागू नगर्न नगराउन अन्तरिम आदेश माग

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** विज्ञापन व्यवसायमा अंकुश लगाएको भन्दै विज्ञापन व्यवसायीहरू सरकारविरुद्ध अदालतमा पुगेका छन् । विज्ञापन व्यवसायीहरूको संगठन राष्ट्रिय विज्ञापन संघ नेपाल (नान) ले सर्वोच्च अदालतमा मुद्दा दायर गरेको हो । संघको तर्फबाट अधिवक्ता सविन पोखेलले सर्वोच्च अदालतमा गत शुक्रबार मुद्दा दायर गरेको संघले जानकारी दिएको छ ।

सरकारले विज्ञापन क्षेत्रमा काम गर्ने व्यवसायीलाई अप्ठेरो पारेकोले त्यसविरुद्ध अदालत जान बाध्य भएको संघका अध्यक्ष धमेन्द्रकाजी श्रेष्ठले जानकारी दिए । विज्ञापन बोर्डमार्फत व्यवसायीलाई काम गरी खाने वातावरणमा अंकुश लगाउन खोजेको उल्लेख गर्दै त्यसलाई रोक्न रिटमा माग गरिएको छ ।

'आइतबार तोकिएको सुनुवाइमा इजलासबाट हेर्न नभ्याइएका कारण सोमबार (११ गते)का लागि तोकिएको सर्वोच्च अदालत स्रोतले बताएको छ,' संघले आइतबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सार्वजनिक खरिद अनुगमनको कार्यालय, विज्ञापन बोर्ड तथा बोर्डका अध्यक्षलाई विपक्षी बनाएर रिट दायर गरिएको यस संघका केन्द्रीय सदस्यसमेत रहेका अधिवक्ता पोखेलले बताए । उनका अनुसार विज्ञापन (नियमन गर्ने) पहिलो संशोधन नियमावली, २०८० र विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० हाललाई लागू नगर्न नगराउन भन्दै अन्तरिम आदेशका लागि रिट दायर गरिएको हो ।

विज्ञापन बोर्डले विज्ञापन क्षेत्र विस्तार एवं प्रवर्द्धनको सट्टा संकुचन गर्दै विज्ञापन व्यवसायीलाई निरुत्साहित पार्ने खालको निर्देशिका ल्याएकोप्रति विज्ञापन व्यवसायीहरूले असहमति जनाउँदै आएका छन् ।

'विज्ञापन बोर्डले नियमनकारी भूमिका निभाउनुको सट्टा आफैं विज्ञापन गर्ने, ऐनविपरीत व्यवसायीको बिलबाट तीन प्रतिशत रकम असुली गर्ने कार्य अघि बढाएसँगै व्यवसायीहरू कानुनी उपचारमा अघि बढेका हौं,' संघको विज्ञप्तिमा छ ।

विज्ञापन व्यवसायीहरूले सार्वजनिक खरिद अनुगमन कार्यालयले गत असार ३१ गते जारी गरेको विद्युतीय खरिद निर्देशिका, २०८० प्रति पनि तीव्र असन्तुष्टि जनाउँदै आएका छन् ।

(बाँकी पष्ठ २ मा)

पृष्ठ १ बाट क्रमशः

## प्रसाईंको अभियान...

समूहमा आबद्ध राजावादीहरू पनि अलग हुन थालेका छन् । यसपछि प्रसाईंले आफू राजतन्त्र फर्काउनेभन्दा पनि संघीय लोकतान्त्रिक गणतन्त्र ढालेर जनतन्त्र र हिन्दू राष्ट्र कायम गर्ने पक्षमा रहेको बताउन थालेका छन् । उनका अनुसार जनतन्त्रमा जनताका प्रतिनिधिहरू शासक हुन्छन् । यससँगै उनी आफूलाई राजतन्त्रभन्दा पनि वैदिक सनतान हिन्दू धर्म सापेक्ष हिन्दू राज्य कायम होस् भन्ने पक्षमा रहेको बताए ।

यसअघि बिहीबार बल्खुमा आयोजित प्रदर्शनमा उनले पूर्वराजा ज्ञानेन्द्र शाहको उपस्थिति चाहन्थे । तर, शाहले उनको प्रदर्शनलाई बेवास्ता गरे । प्रदर्शनप्रति सहानुभूतिसमेत प्रकट गरेनन् । बरु, राजेन्द्र लिङ्देन अध्यक्ष रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले शनिबार गरेको प्रदर्शनका लागि शुक्रबार साँझ नै झापाको विर्तामोडतर्फ लागेका थिए । यसपछि प्रसाईं शाहसँग रुष्टमात्रै भएका छैनन्, आफू राजतन्त्रको पक्षमा नभएको बताउन थालेका छन् । यसो भन्दा राजावादीहरू बिच्किएका छन् । परिणामतः प्रसाईं अहिले प्रदर्शन नै गर्न नसक्ने अवस्थामा पुगेका हुन् ।

राप्रपा अध्यक्ष लिङ्देनले यसअघि नै प्रसाईंलाई लक्षित गर्दै जनताले बैंकमा बचत गरेको रकम ऋणको रूपमा लिएर नतिर्ने बेइमानीले राजतन्त्र र हिन्दू राष्ट्र पुनःस्थापना गर्छु भन्नु पत्यारलाग्दो कुरो नभएको टिप्पणी गरेका थिए । उनले प्रसाईंको प्रदर्शनलाई समर्थनसमेत जनाएनन् । पार्टीका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र प्रवक्ता ज्ञानेन्द्र शाहीले भने समर्थन जनाए ।

### 'लौरो र अटेरी'को काँध

गत वर्ष भएको प्रदेश र प्रतिनिधिसभा चुनावका बेला 'स्वतन्त्र तथा वैकल्पिक शक्तिको लौरो अभियान'मा संगठित भएका स्वतन्त्र उम्मेदवारहरू नै अहिले दुर्गा प्रसाईं नेतृत्वको समूहमा देखिएका छन् । देशलाई राजतन्त्र र हिन्दू राष्ट्र पुनःस्थापनाको दिशामा अघि बढाउन प्रसाईंलाई उनीहरूको साथ रहेको खुलेको छ ।

प्रसाईं नेतृत्वमा रहेको समूहको नीति निर्माण तहमा काम गर्दै आएका डा. नवीन मण्डलका अनुसार मुलतः लौरो अभियानकै साथ पाएपछि प्रसाईं अघि बढेका हुन् । 'लौरो' प्रदेश र प्रतिनिधिसभा चुनावको एउटा चिह्न हो । सोही चिह्नधारी अधिकांश स्वतन्त्र उम्मेदवार र समर्थकहरू हाल हाम्रो नेपाली पार्टीमा आबद्ध छन् । पार्टी अध्यक्ष भने अनन्तराज घिमिरे हुन् । यस पार्टीका बागमती प्रदेश संसद्मा दुई जना समानुपातिक सांसद छन् ।

जनमत भएको यही दलको समर्थन प्रसाईंले अहिले पाएका हुन् । उनलाई पोखरामा स्थानीय तह चुनावका बेला प्रभावशाली देखिएको 'अटेरी अभियान'को पनि सहयोग रहेको पाइएको छ । अटेरी अभियान लेखक तथा स्तम्भकार गणेश पौडेलले चलाएका हुन् । उनै पौडेल प्रसाईंको समूहमा आबद्ध रहेको डा. मण्डलले बताए ।

### प्रधानमन्त्रीको एक ...

चाहनाअनुसार एमालेविरुद्धको वर्तमान सत्ता गठबन्धन बनेको हो ।

एमाले भने दाहाल नेतृत्वको गठबन्धन सरकार ढाल्ने प्रयासमा छ । संसद्मै प्रतिनिधित्व गर्दै आएको अर्को दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) पनि दाहाल नेतृत्वको सरकारको टाउको दुखाइ बन्दै आएको छ । राजतन्त्र र हिन्दू राष्ट्रको मुद्दा सडकदेखि संसद्सम्मै चर्कोगरी उठाउँदै आएको छ । यहीबेला प्रसाईंलाई उचालेर एमाले र राप्रपालाई एकैपटक प्रहार गर्ने नीति प्रधानमन्त्री दाहालले अख्तियार गरेको हुन सक्ने विश्लेषण पनि हुँदै आएको छ ।

शनिबार राप्रपाले झापामा पूर्वराजा ज्ञानेन्द्र शाहलाई उपस्थित गराएर गरेको शक्ति प्रदर्शन छायामा पर्नुलाई पनि यस विषयसँग जोडिएको छ । यसबीच माओवादी प्रसाईंको अभियानप्रति मौन पनि छ । जबकि, प्रसाईं नेतृत्वको समूहले विरोध गर्दै आएको संघीय लोकतान्त्रिक गणतन्त्रको सच्चा पहरेदार माओवादीले आफूलाई ठान्ने गरेको छ ।

### विज्ञापन व्यवसायमा...

कार्यालयले जारी गरेको निर्देशिकाका कारण विज्ञापन व्यवसायीमात्र नभई आमसञ्चार माध्यमसमेत बन्द हुने स्थितिमा पुगेको भन्दै तीव्र असन्तुष्टि संघको रहेको छ ।

'खुला प्रतिस्पर्धालाई आधार बनाएर चुस्त दुरुस्त खरिद प्रक्रियालाई अगाडि बढाउनुपर्नेमा अस्वस्थ प्रतिस्पर्धालाई पश्रय दिने खालको एवं विज्ञापन ऐनसँग बाझिने गरी निर्देशिका आएकोले राष्ट्रिय विज्ञापन संघ नेपाल कानुनी उपचारमा जानु परेको हो,' विज्ञप्तिमा उल्लेख छ ।

# चार महिनामा १६७ वटा घरेलु हिंसाका घटना

**चितवन–** जिल्लामा पछिल्लो चार महिनामा १६७ वटा घरेलु हिंसाका घटनाको निवेदन दर्ता भएका छन् । जिल्ला प्रहरी कार्यालय चितवनको महिला सेलमा चालु आर्थिक वर्षको कात्तिकसम्ममा सो संख्यामा निवेदन दर्ता भएका हुन् । दर्ता भएका निवेदनमध्ये खान लाउन नदिएकोसम्बन्धी ४५ वटा, कुटपिटसम्बन्धी ७० वटा र गाली बेइज्जतीसम्बन्धी ५२ वटा छन् ।

कूल निवेदनमध्ये १२८ वटा मिलापत्र भएका छन् । साथै २२ वटा अदालती प्रक्रियामा गएका छन् भने १७ वटा छलफलका क्रममा रहेको कार्यालयका प्रवक्ता विजयराज पण्डितले जानकारी दिए । उनका अनुसार आर्थिक वर्ष २०७८/७९ मा ४४३ घरेलु हिंसाका निवेदन दर्ता भएका थिए । आर्थिक वर्ष २०७९/८० मा यो संख्या ३९५ थियो । निवेदनमध्ये सबैभन्दा धेरै कुटपिटसम्बन्धी उजुरीरहेको उनले जानकारी दिए । यस्तै कार्यालयको तथ्यांकअनुसार चालु आवको कात्तिकसम्ममा १६ वटा जबरजस्ती करणीका उजुरी दर्ता भएका छन् । यस्तै दुईवटा जबर जस्ती करणी उद्योगसम्बन्धी, १३ वटा बालयौन दुर्व्यवहारसम्बन्धी, एउटा अप्राकृतिक मैथुनसम्बन्धी, चारवटा बहुविवाह र एउटा बालबिबाहसम्बन्धी उजुरी दर्ता भएका छन् । *रासस*

पृष्ठ १ बाट क्रमशः

## कलेज सञ्चालकको..

साथीहरूले कामचाहिँ गल्ती थियो तर हामी हिँड्नैपर्‍यो भन्नुहुन्छ । अनि किन हिँड्या ? भनेको, ज्यान जोगाइदिन मान्छे मर्न लाग्यो भनेर रे ! त्यस्तो पनि कुरा हुन्छ ? कन्भिन्स गर्नुपर्‍यो नि । यो देशका लागि अहित छ, नेपाली जनताका लागि अहित छ । अब हामीले यो काम गर्नु हुँदैन,' मन्त्री बस्नेतले भनेका थिए, 'तपाईं आफू ठीक मान्छे हो । तर, तपाईंलाई सञ्चालन गर्ने गिरोहहरू गलत छ भनेर भन्न किन नसक्ने ? अब भन्नुपर्छ तपाईंहरूले । होइन यो अभियान अगाडि बढ्दा तपाईंहरू ओल्टेकोल्टे हुन थाल्यो भने तपाईंहरूलाई पनि कारबाही हुन्छ ।'

मन्त्री बस्नेत यस्तै हो भने पाँच वर्षपछि नेपालमा डाक्टर, नर्स नपाइने तर्क गर्छन् । उनले पटक-पटक यस्तो तर्क गर्दै आएका छन् । डा. केसीले भने आरोप प्रमाणित गर्न चुनौती दिँदै सरकारलाई मंसिर २८ गतेसम्मको समयसीमा तोकेका छन् ।

'स्वास्थ्यमन्त्री बस्नेतसँग स्वास्थ्यसम्बन्धी न ज्ञान छ, न अनुभव । न उनी जान्ने प्रयास नै गर्छन् । ठूला मुखे गैरजिम्मेवार, भ्रष्ट र गवाँर व्यक्तिलाई स्वास्थ्यमन्त्री बनाएर प्रचण्ड र देउवा, स्वास्थ्य मन्त्रालयजस्तो संवेदनशील संस्थाको थप भ्रष्टीकरण गरी जनताको स्वास्थ्यमा खेलबाड गर्दै छन् । यो राजनीतिक तथा सामाजिक अपराध हो,' डा. केसीले भनेका छन्, 'ओली, प्रचण्ड र देउवाको संयुक्त संयोजकत्वमा स्वास्थ्यमन्त्री पदमुक्त गरेपश्चात्- भ्रष्ट, अपराधी र गैरलोकतान्त्रिक मान्यता बोक्ने तथा कथित राजनीतिक बाहुबलको प्रतिनिधित्व गर्दै र सम्बन्धित निकायका पदाधिकारी साथै वरिष्ठ पत्रकारको सदस्यतामा छानविन आयोग गठन गरियोस् । छानविनमा मेरो पूर्ण सहयोग रहने छ र मेरो अलिकति पनि संलग्नता पाइएमा कुनै पनि सजाय भोग्न तत्पर छु ।' बस्नेतलाई पदबाट नहटाए मंसिर २९ बाट आफू सत्यग्रहमा बस्ने उनले चेतावनी दिएका छन् ।

### लहैलहैमा नलाग्न मन्त्रीलाई सुझाव

के नेपालमा डा. केसीकै कारण डाक्टर नर्सको उत्पादन घट्न लागेको हो त ? यस क्षेत्रमा कार्यरत चिकित्सक नर्सको जवाफ सुनिन्छ- हैन ।

सरकारले दरबन्दी खुलाउन नसक्दा नै नर्स नेपालमा नअडिएको उनीहरूको दाबी छ । नेपाल नर्सिङ संघकी अध्यक्ष मनकुमारी राईका अनुसार पछिल्लोसमय विदेश जाने प्रयोजनकै लागि नर्सिङ पढ्नेहरू धेरै छन् । 'नर्सिङ पढेकाहरूले विकसित देशमा राम्रो तलब सुविधा पाइरहेकाले अहिले धेरैको चाहना यहाँ बस्ने देखिँदैन । पढाइ सक्नासाथ अमेरिका, अस्ट्रेलिया, क्यानडालगायत देशमा जाने तयारी थालिहाल्छन् । अभिभावकको पनि प्रेसर देखिन्छ,' राईले भनिन् ।

विदेश जाने नर्सको सूचीमा पढाइ भर्खर पूरा गर्ने र काम नपाउनेहरू मात्र छैनन्, जागिर गरिरहेकाहरूको मन पनि विदेशमै देखिन्छ । संघकी अध्यक्ष राई भने यो स्थिति आउनुको दोष कलेज सञ्चालकलाई दिन्छिन् । कलेज सञ्चालकहरूले मापदण्ड पुर्‍याउन नमान्दा यस्तो भएको उनको तर्क छ । डा. केसीको माग मापदण्डमै रहेको छ । चिकित्सा शिक्षा ऐन केसीको आन्दोलनको उपज हो । उनकै मागअनुसार उपत्यकामा १० वर्षभित्र नयाँ कलेज खोल्न नपाउनेदेखि पूर्वाधार र नियमनका कडा व्यवस्था गरिएको हो ।

नर्सको पलायन बढिरहँदा देशभित्र उत्पादन भने घटेको छ । कानुनी व्यवस्थाका कारण एक साथ ७५ कलेजमा भर्ना बन्द हुँदा नर्सको उत्पादन घट्न पुगेको हो । एकातिर विदेश पलायनको ताँती र अर्कातिर उत्पादनमा संकुचन यही कारण नर्स अभाव हुन थालेको तथ्यले देखाउँछ ।

नेपाल नर्सिङ काउन्सिलका अनुसार विदेश जान अहिलेसम्म ३५ हजारभन्दा बढीले काउन्सिलबाट नो अब्जेक्सन लेटर (एनओसी) लिइसकेका छन् । एनओसी नलिई जानेको संख्या पनि छ । काउन्सिलको पछिल्लो तथ्यांकअनुसार नेपालमा हालसम्म एक लाख १८ हजार १५७ नर्स उत्पादन भएका छन् । तीमध्ये स्पेसलिस्ट एक हजार ५०७, नर्स ७८ हजार ४९६, मिडवाइफ ५१, एएनएम ३७ हजार २५५ र बिएससी नर्स ८४८ हुन् । तर ४० हजार ६६३ जनाले मात्र प्रमाणपत्र नवीकरण गरेका छन् । नवीकरण गर्नेमा २७ हजार ६९३ नर्स र १२ हजार ९२० एएनएम छन् । यो आकडाले पनि धेरै नर्सहरू विदेशिएका र अरु पनि देशभित्र बस्न चाहँदैनन् भन्ने देखाउँछ । यद्यपि, विदेशिएका नर्सको यकीन तथ्यांक भने सरकारका कुनै निकायसँग छैन ।

नर्सिङ संघकी महासचिव नर्वदा थापाका अनुसार नर्सहरू विदेश पलायनको प्रमुख कारण हो, स्वदेशी अस्पतालको श्रम शोषण । 'स्टाफ नर्सको पढाइमा १० लाख रुपैयाँ हाराहारी खर्च हुन्छ । तर, तीन वर्षको पढाइ पूरा गरेपछि काम पाउनै गाह्रो छ । प्राइभेट अस्पतालले ८/१० हजारभन्दा दिन मान्दैनन् । कतिले त भोलिन्टियरका रुपमा काम गरिरहेका छन् । चर्को श्रम शोषण छ ।'

निजी अस्पतालमा श्रम शोषण भइरहे पनि सरकारले यसलाई गम्भीरतापूर्वक लिएको छैन । स्टाफ नर्सले काम गर्ने ठाउँ सरकारी अस्पताल पनि हुन् । तर, सरकारी अस्पतालमा न बिरामीको चापअनुसार दरबन्दी बढाइएको छ, न त रिक्त दरबन्दी समयमै पूर्ति गर्ने गरिएको छ । 'सरकारी अस्पतालमा ४० प्रतिशत दरबन्दी खाली छ,' थापाले भनिन्, 'यो अवस्थामा नर्सहरूले विदेश नगएर के गर्नु ?'

चिकित्सा शिक्षा आयोगका निर्देशक प्रा.डा. दिलीप शर्मा भने नर्सको अभाव हुन लागेको भनाइसँग सहमत छैनन् । 'अहिले पनि २५/३० हजार नर्स बेरोजगार छन्,' शर्मा भन्छन्, 'कलेज सञ्चालक आफ्नो व्यापार मात्र हेर्छन् । उनीहरूलाई न पूर्वाधार थप्न चासो छ, न त नर्सले स्वयंसेवा गर्नु परिरहेकामा कुनै मतलव छ ।'

कलेज सञ्चालकहरूको लहलहैमा लागेर नर्सको उत्पादन घट्यो भनेर ऐन संशोधन गर्नतिर लाग्नुभन्दा रिक्त दरबन्दीमा विज्ञापन खुलाएर रोजगारी पाउन नसकेका नर्सलाई काम उपलब्ध गराउनु सरकारको पहिलो दायित्व भएको उनी बताउँछन् । कुनै बेला मेडिकल व्यवसायी दुर्गा प्रसाईंले डा. केसीको चर्को विरोध गर्दै आएका थिए । पछिल्लोपटक निजी क्षेत्रका शैक्षिक व्यापारीहरूले केसीको विरोध गर्न थालेका छन् ।


## कुमाख गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### रागेचौर, सल्यान

## नदिजन्य पदार्थको बिक्रिका लागी सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८०/०८/११ गते**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६४ च, को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन्गरी राजपत्रमा प्रकाशित दफा ८ को उपदफा (१) संग सम्बन्धीत अनुसुची ८ दहत्तर बहत्तर शुल्कमा तोकेको बिक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नबिकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र आ.ब. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहि बोलपत्र प्रकृयामा सहभागि हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ ।

स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण IEE अनुसार सिफारिस भए बमोजिम देहायका स्थानबाट निम्न बमोजिम देहायका निम्न बमोजिमको परिमाणमा ढुङ्गा, गिट्टी, मोरङ्ग र बालुवा उत्खनन र घाटगद्दी गरी बिक्री वितरण गर्नुपर्नेछ ।

**तपशिलः**

| सि.नं. | बोलपत्र नं./सुचना नं. | बोलपत्रको नाम | उत्खन्न परिमाण (क्युबिक फिट) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर | सिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउपत्र फारम पेश गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | KRM-RIVERBED/NCB/01-080/081 | कुमाख गाउँपालिका अन्तर्गत चिसापानी, चिसापानी घुम्ति, दारिम पाखा घुम्ति, त्रिवेनी, नौलिखोला, भन्डार खोला, कैन्गार खोला, सान्ति बजार, ढारे खोला, नदिजन्य पदार्थहरु (ढुङ्गा, गिट्टि, बालुवा, तथा मिस्कट) उत्खन्न तथा संकलन र बिक्रि बितरण कार्य | ७८७७७९.१२८८ | २३६३३३७.४१६ | कबुल अंकको ५ प्रतिशत | ३०००। | २०८०/०८/१२ गते कार्यालय समय भित्र | २०८०/०८/१३ गते १२:०० बजे भित्र |
| २ | KRM-RIVERBED/NCB/02-080/081 | कुमाख गाउँपालिका अन्तर्गत मर्मामोर, घट्टाचौर. कुहिए पानी, बासखोला र बर रुख फेदिबाट नदिजन्य पदार्थहरु (ढुङ्गा, गिट्टि, बालुवा, तथा मिस्कट) उत्खन्न तथा संकलन र बिक्रि बितरण कार्य | २०७१७३३.३४४ | ६२१५२००.०३६ | कबुल अंकको ५ प्रतिशत | ३०००। | २०८०/०८/१२ गते कार्यालय समय भित्र | २०८०/०८/१३ गते १२:०० बजे भित्र |

१. बोलपत्रदाताले कुमाख गाउँपालिकाको कार्यालयबाट बोलपत्र सम्बन्धी कागजातहरु खरिद गर्नुपर्ने छ ।

२. फमको नवीकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व २०७९/०८० को करचुत्ता प्रमाणपत्रको प्रतिलिपि र बोलपत्र फारम दस्तुर रु ३०००।०० (तिन हजार) पछि फिर्ता नहुने गरी यस कार्यालयको हिमालयन बैंक लि. कुमाख शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०५९०७७९७६३००११ मा नगद जम्मा गरेको बैंक भैचर साथ निवेदन पेश गर्ने ।

३. बोलपत्र पेश गर्ने अन्तिम दिन वा बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोलगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

४. बोलपत्र सम्बन्धी फारम भर्दा कवोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । यदि अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । ५. आफुले कवोल गरेको अंकले ५ प्रतिशतको दरले हुन आउने धरौटी यस कार्यालयको हिमालयन बैंक लि. कुमाख शाखामा रहेको धरौटी खाता नं.०५९०७७९७६३००५९ मा जम्मा गरी सोको संकलन बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट क वर्ग इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद जारी गरिएको बिडवण्ड बोलपत्र साथ संलग्न गरि पेश गर्नु पर्नेछ ।

६. एक फर्म वा सस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रितपूर्वक पर्न आएमा बोलपत्र सम्बन्धी कागजातहरु मिति २०८०/०८/१३ गते दिनको १ बजे कार्यालयका प्रतिनिधि, निर्माण ब्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

७. म्याद नाघी, रीत नपुगी वा शर्तरहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ७ दिनभित्र भ्याट सहित कबोल अंकको प्रथम किस्ता बापत ५० प्रतिशतलेहुने रकम अनिवार्य बुझाउनुपर्ने छ । दोस्रो किस्ताबापत २५ प्रतिशतले हुने (२०८० साल चैत्र मसान्त भित्र) र तेस्रो किस्ताबापत २५ प्रतिशतले हुने (२०८१ साल जेष्ठ मसान्त भित्र) रकम बुझाउनु पर्नेछ । नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८१ साल असोज मसान्त सम्म म्याद सहित जारी गरीएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनुपर्नेछ ।

९. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस कुमाख गाउँपालिकाका नदि तथा नदिहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानिय सरकार सञ्चालन ऐन २०७४, सम्बन्धीत स्थानिय तहबाट जारी कानुन, प्रदेश कानुन वा मापदण्ड वमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको विभिन्न वर्ग मानिनेछ ।

**नि.प्रमुख प्रशासकीय अधिकृत**

# मिथिलामा छठपछि सनेसको चटारो

**महोत्तरी–** छठपर्व सकिएको एक साता हुनै लागेको छ। पर्व सकिए पनि मधेसको प्राचीन मिथिला क्षेत्रमा अझै छठको 'सनेस' (कोसेली)को मौसम कायमै छ । छठ मनाइएका सबैजसो घरमा सनेसका रुपमा 'ठकुवा' (छठको मुख्य प्रसाद मानिने गहुँको पिठो र सख्खर मुछेर बनाइने मिष्ठान्न परिकार) पाकिरहेका छन् ।

छठ सकिएसँगै मिथिलाका गृहिणीलाई सनेसका लागि ठकुवा पकाउने र आफन्त कहाँ पठाउने चटारो सुरु हुन्छ । पर्वको सनेस विवाहित छोरीचेली, इष्टमित्र, मित/मितिनी र आफन्तलाई पठाउने पुरानो स्थापित परम्परा हो। अहिले मिथिलानी (मिथिलाका नारी)लाई ठकुवा, भुसुवासहितका परिकार पकाउन र सम्बन्धित कहाँ पठाउन भ्याइनभ्याइ छ । 'धान थन्क्याएर सकिएको छैन, हिउँदे बाली लगाउने चटारो पनि छ, तर अहिले यी कामका बीच नै छठको 'सनेस' पकाउने र पठाउनु पर्दा भ्याइनभ्याइ छ,' महोत्तरीको बर्दिबास-१२ विजलपुराकी गीतादेवी महतो भन्छिन्, 'छोरीको घरमा त पठाइयो, अब फुपू र मितकहाँ पठाउन बाँकी छ ।'

मिथिलामा छठ र तीलासक्रायत (माघेसंक्रान्ति) पर्वको 'सनेस' कुटुम्बजन, मित/मितिनी र अत्यन्त नजिकी इष्टमित्रकहाँ पठाउने आम परम्परा छ । छठ सकिएलगत्तै पठाइने सनेसमा ठकुवा, भुसुवा, पिरुकिया र केरा हुने गर्छ । यसरी पठाइने सनेस छठ नमनाइने परिवारमा पर्व सकिएलगत्तै र अन्य कहाँ एक/दुई सातासम्म लगाएर पठाउने चलन छ । पकाउने काम गृहिणीको भए पनि सनेस पुर्‍याउन भने बाबु, काका, दाजुभाइ जाने गर्छन्। यसरी पठाइने सनेसमा छठमा सूर्यदेवलाई अर्घ्य दिंदा देखाइएको प्रसाद सामग्री मिसाइएको हुन्छ ।

'यो परम्परा कोसेलीमात्रको नभएर मुख्य चाडबाडपछि आपसी भेटघाटको अवसर पनि हो,' बर्दिबास-१३ स्थित जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक भरत यादव भन्छन्, 'यसमा आशिष पुर्‍याउने र सम्बन्धको प्रगाढता पनि जोडिएको हुन्छ ।' यो चलन सांस्कृतिक, सामाजिक र पारिवारिक सौन्दर्य पनि रहेको यादवको भनाइ छ ।

मिथिलामा छठ र तिलासक्रायत पर्व सकिएलगत्तै 'सनेस' को नाउँमा भेटघाटको निरन्तरता केही दिन चल्ने गर्छ । पर्वको 'सनेस' पुग्न ढिलो हुँदा त खासगरी छोरीचेली र मित/मितिनीले बिर्सेकी भन्ने खुल्दुली नै लाग्ने गरेको पाका मैथिल बताउँछन् । समयक्रमले अचेल कामको विविधता बढ्दै जाँदा पहिलेपहिले जस्तो घरपरिवेशकोझैँ गृहस्थ जीवन फेरिएको छ । कामका लागि टाढाटाढा जानुपर्दा पर्व सकिएलगत्तै युवापुस्ता घरमा नहुँदा सकीनसकी यो परम्परा बुढापाकाले धान्नुपरेको औरही नगरपालिका-७ का ७० वर्षीय मोहन महतो बताउँछन् ।

पर्व सकिएलगत्तै युवापुस्ता आ-आफ्ना जिम्मेवारीमा फर्किएपछि 'सनेस' पुर्‍याउने जिम्मेवारी आफ्नो नछुटेको भंगाहा-४ थारुटोल बनराका ७२ वर्षीय रामधारी सिंह थारुको भनाइ छ। 'पर्व सकिएलगत्तै तीन जना छोराहरू काममा गए,' भंगाहा-४ थारुटोल बनराका ७२ वर्षीय रामधारी सिंह थारुले भने, 'सनेस लिएर मै जानुपर्ने हुन्छ ।' यो परम्परा कामको चापले बिस्तार हराउँदै जाने हो कि भन्नेमा उनी चिन्तित छन् । 'घरगृहस्थीमा युवापुस्ता छैनन्, सबैजसो काममा बाहिर (अन्यत्र) जान्छन्, अब भन्नोस् न, हामीपछि यो के थेगिएला ?,' थारु भन्छन् ।

'पवनी (पर्व) सकिएकै दिन सानो छोराले सनेस छोरीकहाँ पुर्‍याएर आयो,' ठकुवा पकाउन र भुसुवा बटार्न व्यस्त रहनुभएकी गौशाला-१० की शीलवती महतो भन्छिन्, 'अब नन्द र साथीको घरमा जान बाँकी छ, त्यसैमा लागेकी छु ।' पर्वमा घरका परिवारजन, छिमेकी र आफन्तहरूलाई समेत खुवाइने यी परिकार यसपालि मंसिरभरि नै खाजा खाइने उनको भनाइ छ । *रासस*

# सूर्यविनायक-रत्नपार्क द्रुत बस सेवा पुनः सुरु

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सूर्यविनायक-रत्नपार्क रुटमा एक महिना सञ्चालन भएर बन्द गरिएको द्रुत बस सेवा आइतबारदेखि पुनः सञ्चालन भएको छ। आइतबारदेखि प्रत्येक दिन बिहान ८:३० बजेदेखि तीन/तीन मिनेटको फरकमा सूर्यविनायक-रत्नपार्कका लागि बस छुट्ने यातायात व्यवस्था विभागका महानिर्देशक उद्धवप्रसाद रिजालले राससलाई जानकारी दिए । 'रत्नपार्क-सूर्यविनायक रुटमा ३६ बस सञ्चालन हुने छन्,' उनले आइतबार भने, 'आज (आइतबार) बिहान साढे ८ बजेदेखि बस नियमित सञ्चालन गरिएको छ ।' यसअघि उक्त रुटको दुवैतर्फ गरी २५ बस सञ्चालन गरिएको थियो ।

आइतबारदेखि पुनः सुरु भएको उक्त सेवा तीन/तीन मिनेटको फरकमा सूर्यविनायकबाट रत्नपार्क बस प्रस्थान गरेका थिए । बस सेवा बिहान १०:३० बजेसम्म र दिउँसो ३:३० बजेदेखि ५:३० बजेसम्म सञ्चालनका लागि तालिका बनाइएको महानिर्देशक रिजालले जानकारी दिए । उनका अनुसार द्रुत बस सेवालाई थप प्रभावकारी बनाउन बस थपिएको र समय तालिकामा पनि केही संशोधन गरिएको छ ।

यात्रुलाई छिटो गन्तव्य पुग्न सहज होस् भनेर भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले संविधान दिवसको अवसर पारेर गत असोज ३ गतेदेखि उक्त बस सेवा सुरु गरेको थियो । सेवा प्रभावकारी नभएपछि एक महिनामै स्थगित गरिएको थियो ।

अन्य सार्वजनिक बसलाई रत्नपार्क-सूर्यविनायक पुग्न डेढ घण्टा लाग्ने गरेकामा द्रुत बसलाई ४५ मिनेट लाग्ने रिजालले दाबी गरे। माइतीघर, कोटेश्वर, जडीबुटीलगायत ट्राफिक जाम बढी हुने चोकमा पनि द्रुत सेवाका बस रोकिन नपर्ने गरी ट्राफिक प्रहरीले सहयोग गर्ने उनको भनाइ छ। रत्नपार्क-सूर्यविनायक रुटमा अरु सार्वजनिक बसले जति भाडा लिन्छन् द्रुत बसमा पनि त्यति नै भाडा लाग्ने यातायात व्यवस्था विभाग मीनभवनले जनाएको छ ।

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **Riyadh al-dana trading and contracting company**

पूर्व स्वीकृति मिति: २०७८/१२/११ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०८/१० | LT. 259953 | चलानी नं. ६०१७५३३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MELISSA | 2 | 0 | 1200 | ४२६८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १८ गते (4th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**

श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **KAGA COMPONENTS (MALAYSIA) SDN BHD**

पूर्व स्वीकृति मिति २०८०/०८/०९ | LT. No. 295559 | चलानी नं. ६०२१०५७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | factory worke | 100 | 0 | 1500 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १८ गते (4th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**B.GAS FOREIGN EMPLOYMENT PVT. LTD.**

श्रम ईजाजत नं. १४५५/०७४/०७५

Dhapasi-9, Basundhara Tole, Kathmandu,Tel: +997-1-4356889

## चम्किला तारा महिला बचत तथा ऋण सहकारी संस्था

**चन्द्रागिरी नगरपालिका-१२, बलम्बु, काठमाडौं, फोन : ०१-४३१२२०२**

### कर्जा चुक्ताको ३५ दिने सूचना

**प्रकाशित मिति : २०८०/०८/११**

लिखितम ताकेता गर्दा समेत कर्जा ऋण तिर्न नआउनु भएकोले यो सुचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफूले बुझाउनु पर्ने रकम तिर्न वा बुझाउन आउनु होला अन्थया बागमति प्रदेश सहकारी ऐन २०७६ को दफा ६४, बागमती प्रदेश सहकारी नियमावली २०७६ को दफा १९ र संस्थाको विनियम एवं नीति बमोजिम कानूनी प्रक्रिया अबलम्बन गरिने ब्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको नाम र ठेगाना | ऋणीको फोटो |
|---|---|---|
| १. | **ऋणीको नाम** : सुकदेव गमाल<br>**पिता** : शंख नारायण गमाल<br>**बाजे** : अन्त नाारायण गमाल<br>**ना.प्र. नं.** : ४५/१०७६<br>**जिल्ला** : मकवानपुर-७<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला, च.न.पा.-१२, बलम्बु |  |
| २. | **ऋणीको नाम** : हरिशरण अधिकारी<br>**पिता** : कृष्ण बहादुर अधिकारी<br>**बाजे** : धनपित अधिकारी<br>**ना.प्र. नं.** : २०५६/३२४१५<br>**जिल्ला** : बारा-४<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला, च.न.पा.-१२, बलम्बु |  |

**पुनश्च** : यस संस्थाबाट ऋण लिई किस्ता बुझाउन बाँकी रहेको सम्पूर्ण सदस्यहरुलाई समेत यसै सूचना मार्फत ऋणको किस्ता तथा व्यजा समयमानै बुझाउन अनुरोध गर्दछु ।

## श्री स्वास्थ्य सेवा महाशाखा,

**छाउनी काठमाडौं।**

### विद्युतीय सिलबन्दी दरभाउपत्र e-GP आव्हानको सूचना

**दोश्रो पटक प्रकाशन मिति: २०८०/०८/११ गते।**

श्री स्वास्थ्य सेवा महाशाखा, छाउनीको लागी आ.ब. २०८०/८१ मा पूंजीगत खर्च तर्फ बिनियोजित बजेटबाट यस महाशाखाको हाता भित्र चिल्ड्रेन पार्क निर्माण कार्य गर्नको लागी विद्युतीय सिलबन्दी दरभाउ पत्र e-GP को प्रणालीबाट सिलबन्दी दरभाउपत्र लिन ईच्छुक फर्म/संस्था/कम्पनीको लागि यो सिलबन्दी दरभाउपत्र आव्हानको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै विस्तृत जानकारी र सिलबन्दी दरभाउपत्र प्रस्ताव पेश गर्नको लागि www.bolpatra.gov.np/egp मा हेर्न तथा पेश गर्न सकिने छ ।

| सि. नं. | कार्यक्रमको विवरण | दरभाउ पत्र दस्तुर | दरभाउ पत्र पेश गर्ने म्याद | जमानत रकम | जमानत मान्य अवधि | कै. |
|---|---|---|---|---|---|---|
| १. | चिल्ड्रेन पार्क निर्माण | १०००।०० (पछि फिर्ता नहुने) | १५ दिन | ३०,०००.०० | ७५ दिन | |

## कुमारी बैंक लिमिटेड शाखा कार्यालय सिमरा, बाराको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०८/११ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय सिमरा, बाराबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० मंसिर २६ गते मंगलबार**का दिन शाखा कार्यालय सिमरा, बारामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**ऋणीको विवरण:**

प्रदेश सरकार, उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उधोग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उधोग कार्यालय, बागमती प्रदेश भरतपुर, चितवनमा अन्तर्गत दर्ता नं. ४९/०७७/०७८, दर्ता मिति २०७७/१०/२५ तथा आन्तरिक राजस्व कार्यालय भरतपुर चितवनबाट स्थायी लेखा नम्बर ६१५३२४२१२, दर्ता मिति २०७७/११/१६ दर्ता कायम भएको चितवन जिल्ला खैरहनी न.पा. वडा नं. १५ स्थित रजिष्टर्ड कार्यालय रहेको **घले एकिकृत कृषि फर्म** ।

**साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**

१. एक बहादुर घलेको नाती, दिलिप कुमार घलेको छोरा, धनमाया घलेको पती बारा जिल्ला, डुमरवाना गा.बि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी नगरपालिका वडा नं. १५, बस्ने **राजकुमार घले** (ना.प्र.प.नं. ३३२०५६/२४४३२ जारी मिति २०६५/०५/२४ जिल्ला प्रशासन कार्यालय बारा) ।
२. कुल बहादुर घलेको नातिनी, चन्द्र बहादुर घलेको छोरी अविनास घलेको पत्नी धादिङ जिल्ला बुढाथुम गा.बि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, कालिका नगरपालिका वडा नं. ०९, बस्ने **ललिता घले** (ना.प्र.प.नं. ३५(०१(७२(१०४६३ जारी मिति २०७२/१०/१४ जिल्ला प्रशासन कार्यालय चितवन) ।

**लिलाम हुने सम्पत्तिको विवरण:**

१. **राजकुमार घले**को नाममा मालपोत कार्यालय बारामा दर्ता कायम भएको बारा जिल्ला, डुमरवाना गा.बि.स. वडा नं. ०४ स्थित कि.न. १५९१, २१५७ र १५९० को क्षेत्रफल क्रमश ०-३-७-०, ०-०-३-८, र ०-३-०-० (बि.क.धु.क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापतहरु समेत ।
२. धनि कुमारी बैक लि. र ऋणी **घले एकिकृत कृषि फर्म** कायम भई बागमति प्रदेश यातायात व्यवस्था कार्यालय, ललितपुरमा दर्ता कायम रहेको चे.नं. MA1ZU2TBKM1C31922, ई.नं. TBM1C15540, सवारी नं. बागमति प्रदेश ०३ ००१ च १२५५ Mahindra Bolero Pickup 2WD PS 1.5T थान १ ।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० मंसिर २५ गते** भित्र बैंकको शाखा कार्यालय सिमरा, बारामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय सिमरा, बाराबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमाले लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० मंसिर २६ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय सिमरा, बारामा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय सिमरा, बारामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८० मंसिर २६ गते मंगलबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय सिमरा, बारा फोन नं. ०५३-५२१८५२**

## नाम परिवर्तन सम्बन्धि सूचना

**दोस्रो प्रकाशित मिति २०८०/०८/११**

**मिति २०८०/०५/२६ मा साविकको नाम कुमार एडभेन्चर ट्रेक्स एण्ड एक्सपिडीसन प्रा.लि. परिवर्तन भई कल्चर ट्रेल्स नेपाल प्रा.लि. भएको जानकारी गराउँदछु ।**

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक २०५ मंसिर ९ गते २०८० मा प्रकाशित **Kalika Human Resource Pvt Ltd** को Lot No. **295471** को **Cleanco Cleaning Services Co** कम्पनीको विज्ञापनमा (**Cleaner**) **कामदारको मासिक तलब** (**AED 800**/ने.रु.२८,९५५) हुनुपर्नेमा अन्यथा भएकाले सच्चाइएको जानकारी गराइन्छ ।

**KALIKA HUMAN RESOURCE PVT LTD**

Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281, Mobile No.: 977-9851185716, 9818121112, Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np

Govt. License 1331/074/75

## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०८/०७ गते भ.जि.म.ठि.न.पा. वडा नं.१ लोकन्थली बासुकी टोल बासुकी नगरमा पार्किङ गरिराखेको अवस्थामा 220 cc Pulsar रातो, कालो रंगको मोटरसाइकल साझको अन्दाजी ८:३० देखि ९ बजेको समयमा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**कम्पनीको नाम : हुलास फिन सर्भ लि.**
**धनीको नाम : दिपक सुनुवार**
**बाइक नं.: बा.प्र.०२-०४३ प ५५२६**
**च्यासिस नं.: MD2A13EXOMCJ98991**
**इन्जिन नं. : DKXCMJ33262**
**ठेगाना: भरतपुर २२, चितवन**
**सम्पर्क: ९८६०३३५२४५**

## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०५/१८ गते भक्तपुर जिल्ला, चाङ्गुनारायण ४, नारायणटार आफ्नै घरको पार्किङ स्थलबाट 200 cc KTM Duke सुन्तला रंगको मोटरसाइकल रातको अन्दाजी १९:०० देखि २४:०० बजे भित्रको समयमा हराएकोले पाउनुहुने महानुभावले जिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**कम्पनीको नाम : हुलास अटो कम्पनी**
**धनीको नाम : सम्पूर्ण खनाल**
**बाइक नं.: बा.प्र.०२-३३ प ७३५६**
**च्यासिस नं.: MD2JPCXGXMC012059**
**इन्जिन नं. : M-93655474**
**ठेगाना: भक्तपुर , ऐ.ए.**
**सम्पर्क: ९८६०३३५२४५**

## धनगढी उप-महानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**धनगढी, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्रको आशय पत्र सम्बन्धि सूचना

प्रकाशित मिति २०८०/०८/११

यस धनगढी उप-महानगरपालिका नगर कार्यपालिका कार्यालयको आ. व. २०८०/०८१ अन्तर्गत तपसिल बमोजिमको निर्माण कार्यको लागि विभिन्न मिति मिति २०८०/०७/०२ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| ठेक्का नं. | कामको विवरण | फर्मर कम्पनी | कबोल रकम |
|---|---|---|---|
| 37/DSMC/ 2080/081 | Construction of Welcome Gate for Dhangadhi Sub-metropolitan City | श्री उप्रेती विल्डर्स एण्ड इन्जिनियर्स प्रा. लि. धनगढी, कैलाली | रु. १७,०९,७२५/५० मु.अ.क. बाहेक |

..............................
**प्रमुख प्रशासकीय अधिकृत**

## सैनिक आवासीय महाविद्यालय, धरानको फर्निचर आपूर्ति सम्बन्धी

### बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०।०८।११ गते)

सूचना नं. **NAWF/SAMV/GOODS/DHN/2080/81/56**

१.सैनिक आवासीय महाविद्यालय, धरानको लागि आवश्यक विभिन्न फर्निचरका समानहरू आपूर्ति गर्न नेपाल सरकारबाट सम्बन्धित कामको लागि ईजाजत प्राप्त इच्छुक फर्म/सँस्था/कम्पनीहरूको लागि e-GP System को माध्यमबाट बोलपत्र आह्वान गरिएको छ । साथै विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट ***http://www.bolpatra.gov.np/egp*** हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

| कामको विवरण | बोलपत्र दस्तुर ने.रु. (फिर्ता नहुने) | बोलपत्र जमानत ने.रु. | मान्य हुने अवधि | लागत अनुमान रकम | बोलपत्र विड गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति समय र स्थान |
|---|---|---|---|---|---|---|
| विभिन्न फर्निचरका सामानहरू आपूर्ति | रु.३०००।- | २,००,०००।- | ९० दिन | ७०,११,३११।- | २०८०/०९/११ गतेको १२:०० बजे | २०८०/०९/११ गतेको १३:०० बजे सै.आ.म.वि. धरान |

२. थप जानकारीको लागि फोन नं.०२५-५३११५५, ईमेल: ***gspamdharan@gmail.com*** मा सम्पर्क राख्न सकिने र बोलपत्र ***www.bolpatra.gov.np/egp*** सिष्टम मार्फत विड गर्नुपर्नेछ।

३. बोलपत्र जमानत बापत बैंक जमानत पेश गर्ने भएमा नेपाल राष्ट्र बैंकबाट 'क' श्रेणीको इजाजत प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको हुनुपर्नेछ र बोलपत्र जमानत वापत नगद धरौटी तथा बोलपत्र फाराम दस्तुर निम्नानुसार खातामा दाखिला गरी भौचर अपलोड गर्नुपर्नेछ।

खातावालाको नाम: **सैनिक आवासीय महाविद्यालय, धरौटी,**
खाता नं. ०१५०१८१२५०००६९
बैंकको नाम र ठेगाना: **हिमालयन बैंक लिमिटेड, धरान**

प्रभाव दैनिक
National Daily

म्पादकीय

# कोपमा गर्नैपर्ने जोडबल

विश्वव्यापी तापमान वृद्धिका कारण नेपालजस्ता देशहरू उच्च जोखिममा छ । यसको मुख्य कारण जलवायु परिवर्तनलाई मानिएको छ । यही मुद्दामा छलफल गर्ने उद्देश्यका साथ संयुक्त अरब इमेरेट्सको दुबईमा कोप-२८ सम्मेलन हुँदै छ । यो सम्मेलनका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल, वनमन्त्री वीरेन्द्र महतो र ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतसहितको टोली दुबई जाँदै छ । यसपटक जलवायु परिवर्तनबाट नेपाललाई परेको असर अन्तर्राष्ट्रियरुपमै थाहा दिन सरकारले संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसलाई नेपालका हिमाली क्षेत्रमा भ्रमण गराइसकेको छ ।

जलवायु परिवर्तनसम्बन्धी सन् २०१५ मा फ्रान्सको पेरिसमा भएको सम्झौतालाई कार्यान्वयन गर्नका लागि १९६ मुलुकले हस्ताक्षर गरेका थिए । यसको एउटा मुख्य लक्ष्य हो विश्व तापमान वृद्धिलाई दुई डिग्री सेल्सियस वा अझ १.५ डिग्रीमा कायम राख्नु । तर डोनाल्ड ट्रम्प राष्ट्रपति भएको बेला अमेरिकाले यो पेरिस सम्झौताबाट हात झिक्ने निर्णय गरेपछि यसको कार्यान्वयनमा समस्या देखियो ।

यद्यपि कोप-२७ मा जलवायु परिवर्तनका प्रभावहरू सामना गरिरहेका देशहरूका लागि धनी देशहरूले हानि तथा नोक्सानी कोष स्थापना गर्ने सहमति गरेका थिए । उक्त कोषले कसरी काम गर्ने भन्ने त अझै पनि प्रस्ट भइसकेको छैन । तर, जलवायु परिवर्तनको असर विशेषगरी हिमाली क्षेत्रमा हिमताल पग्लने र विष्फोट हुने, पहाडी क्षेत्रमा पहिरो र सुक्खा खडेरी र तराई मधेसमा बाढी देखिन थालेको छ । हिमाल, पहाड र तराई मधेसमा बसोबास गर्ने गरिब, साना किसान, सीमान्तकृत आदिवासी, महिला, बालबालिका, अशक्त तथा ज्येष्ठ नागरिक बढी प्रभावित बनेका छन् ।

यद्यपि खनिज तेल उत्पादक राष्ट्र युएईकै सरकारी तेल कम्पनीका कार्यकारी अधिकृत सुल्तान अल जाबेर कोपको अध्यक्ष छन् । यसले पनि २०० राष्ट्रका प्रतिनिधि सहभागी हुने उक्त सम्मेलनबाट जलवायु परिवर्तनको मुद्दामा खासै सम्बोधन नहुने आशंका गरिएको छ । मंसिर १४ देखि २६ सम्म हुने सम्मेलनमा प्रधानमन्त्री दाहालले जलवायु परिवर्तनको मुद्दालाई जोडले उठाउने बताइरहेका छन् । 'यसपटक माग्ने होइन, अधिकार लिने हो,' दाहालको दाबी छ । विकसित देशहरूले सन् २००९ मा विकासशील देशहरूलाई जलवायु परिवर्तनको असर सामना गर्न सन् २०२० सम्ममा १०० अर्ब अमेरिकी डलर दिने प्रतिबद्धता जनाएकोमा यो २०२३ मा पूरा हुने अपेक्षा गरिएको छ ।

जलवायु परिवर्तनमा मुख्य दोषी रहेको राष्ट्रबाट क्षतिपूर्ति भराउनुपर्छ नै । यतिमात्र नभएर विश्व तापमान रोक्न वायु ऊर्जा र सौर्य ऊर्जामा प्रयोगमा विकसित राष्ट्रलाई जोडबल पनि गर्नै पर्छ । नभए यसको सामना गर्न नसकेर नेपालले हिमाल गुमाउनुपर्ने अवस्था आइपर्न सक्छ ।

## मननयाग्य

### चाणक्य नीति

उसले भन्यो-'म राजा थिएँ, मैले प्रजाको रक्षा गर्नु थियो, त्यसैले म एक्लै लडेँ । फेरि मैले राजा नन्दसँग पनि बदला लिनु छ । मैले सोधेँ- 'किन ? किन कि त्यो नराधमले मेरी आमालाई राजभवनबाट निकालिदियो, ...' सम्पर्क गर्दा थाहा पाएँ । राजा नन्दकी सुन्दरी दासी मुराको छोरा रहेछ । मुरालाई राजा नन्द आफ्नी रानीसरह मन पराउँथे तर कुने सन्देहले गर्दा वन जान बाध्य पारेर दरबार निकाला गराएछन् । आज तिनै मुरा बनेका पात (पत्ता) ले पंखा बनाई आफ्नो र बालकको पेट पानी बसेकी छ ।ध

यसरी शकटारबाट चन्द्रगुप्तको परिचय पाएपछि चाणक्यलाई त्यस बालकलाई भेट्ने इच्छा प्रबल भयो । उनले शकटारलाई भने- 'तात ! हामीलाई यस्तो बालकको आवश्यक छ । उसका सम्पूर्ण लक्षण हाम्रो अनुकूल छन् । हामी सबैले उसकी आमालाई भेट्यौं । चाणक्य चन्द्रगुप्तसँग भेट्ने समयसमेत तय गरी शकटारसँग बिदा भई जुन भेषमा आएका थिए । त्यसै भेषमा उज्यालो हुनुभन्दा पहिले नै आफ्नो अज्ञातवासतिर लागे ।

अर्को दिन मध्याह्न समयमा चाणक्य र शकटार ज्योतिषीको रूपमा उत्तर सीमावर्ती वन क्षेत्रमा गए ।

त्यहाँका वासिन्दाहरू लडाकु प्रवृत्तिका थिए । यी सीधा-साधा आदिवासी दुई अपरिचित व्यक्तिलाई देखी आश्चर्यले उनीहरूका छेउमा भेला हुन थाले । शकटार र चाणक्यले मुरा र चन्द्रगुप्तका विषयमा सोधे कुनै युवकले तिनलाई मुराको झुपडीमा पुयाइदियो । यस झुपडीभित्र दुवैले एक युवती अति मैलो भेषभूषामा हातले खजुरका पातको पंखा बनाइरहेकी, साथै एउटा युवक टपरीमा भोजन गरिरहेको देखे ।

झुपडीमा मामुली घरेलु सामान केही गाँसेका (बुनेका) पातका पखा, धनुष र त्यसको ठोक्रो थियो । मुराको त्यस्तो मलीन अनुहारमा सुन्दरताको लक्षण अझसम्म पनि थियो, तर समयले थप्पड मार्दा दुब्ली भएकी जस्ती देखिन्थिन् ।

# वैश्विक जनस्वास्थ्य र जलवायु परिवर्तन



**▶▶ डा. केदार कार्की**

> जलवायु परिवर्तनले जीवाणुमा, कीटाणु वाहकहरूमा यस्तो परिवर्तन ल्याउन सक्छ, जसले पूर्णतया नयाँ प्रकारका रोगहरू निम्त्याउन सक्छ, जसको बारेमा हामीसँग जानकारी पनि हुँदैन, त्यसपछि तिनीहरूसँग लड्ने औषधि हुनुको कुनै प्रश्न नै छैन । यी रोगहरू चिसो जत्तिकै सरल र कम खतरनाक वा एड्स जत्तिकै खतरनाक हुन सक्छन् । यो संसारको कुनै एक कुनामा सीमित रहन सक्छ वा यो महामारी बन्न सक्छ र सम्पूर्ण विश्वलाई ढाक्न सक्छ ।

विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)ले जलवायु परिवर्तन मानव स्वास्थ्यका लागि गम्भीर खतरा भएको बताएको छ । डब्ल्युएचओले कोभिड-१९ को महामारीलाई ध्यानमा राख्दै ठूलो मात्रामा तत्काल कार्य र विश्वव्यापी सहयोगको आवश्यकतामा जोड दिएको छ । यदि हामीले आज ग्रहको स्वास्थ्यमा काम गरेनौं भने, हामीले हाम्रो भविष्यको स्वास्थ्यलाई खतरामा पारिरहेका छौं । जब स्वास्थ्य जोखिममा हुन्छ, सबै कुरा जोखिममा हुन्छ, यो हामीले कोभिड-१९बाट सिकेका छौं ।

जलवायु संकट पनि स्वास्थ्य संकट हो, किनभने जलवायु परिवर्तनले स्वास्थ्यलाई विभिन्न तरिकाले असर गर्छ । दिगो, जलवायु-उत्थानशील स्वास्थ्य प्रणाली निर्माण गर्नुपर्ने आवश्यकतालाई जोड दिनुपर्छ । डब्ल्युएचओका अनुसार वायु प्रदूषण, चरम मौसमी घटना वा पानीजन्य रोगजस्ता वातावरणीय कारणले पश्चिमी प्रशान्त क्षेत्रमा वार्षिक ३५ लाख मानिसको मृत्यु हुन्छ । यस क्षेत्रमा वायु प्रदूषणका कारण प्रत्येक १४ सेकेण्डमा एक जनाको मृत्यु हुने गरेको छ । उच्चस्तरको वायु प्रदूषणले पनि नसर्ने रोगहरू, हृदयाघात र मुटु तथा फोक्सोका रोगहरू बढिरहेको छ ।

मानव स्वास्थ्यमा जलवायु परिवर्तनको प्रभाव सानो प्रशान्त टापु विकासोन्मुख देशहरूमा सबैभन्दा ठूलो छ, जहाँ सबैभन्दा सानो कार्बन फुटप्रिन्टहरू छन् । डब्ल्युएचओका अनुसार प्रत्येक वर्ष यी देशहरूले विश्वव्यापीरूपमा वातावरणीय प्रकोपबाट सबैभन्दा बढी पीडित हुने देशहरूको दुई तिहाइ बनाउँछन् । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघको अन्तरसरकारी प्यानल (आइपिसिसी) को छैटौं मूल्यांकन प्रतिवेदन जुन अप्रिल ४ मा जारी गरेकोले देखाउँछ कि विश्वव्यापी हरितगृह ग्यास उत्सर्जन अझै पनि सन् २०२५ र २०३० अघि नै चरम हुन आवश्यक छ भने बढ्दो तापक्रमलाई दुई डिग्री सेल्सियससम्म सीमित गर्न आवश्यक छ । आइपिसिसी प्रतिवेदन उत्सर्जन घटाउनमा केन्द्रित छ र बढ्दो तापक्रमलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्ने सम्भावनालाई बाँच्न सक्ने प्रत्येक क्षेत्रमा व्यवहार्य विकल्पहरू सेट गर्दछ ।

विश्वव्यापी जलवायु परिवर्तनले मानव स्वास्थ्यलाई पनि असर गर्छ । झाडापखाला, डेसेन्टरी, हैजा र टाइफाइडजस्ता संक्रामक रोगहरूको संख्या बढ्ने छ । विश्व स्वास्थ्य संगठनको प्रतिवेदनअनुसार जलवायु परिवर्तनका कारण श्वासप्रश्वास र मुटुसँग सम्बन्धित रोगहरू बढ्ने छन् । तापक्रम र वर्षाले रोगवाहकहरूको गुणन र फैलावटमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकोले, मलेरिया, फाइलेरियासिस, डेंगी ज्वरो, चिकनगुनिया, पहेँलो ज्वरो, र जापानी इन्सेफलाइटिसजस्ता लामखुट्टेबाट सर्ने रोगहरू दक्षिण अमेरिका, अफ्रिका र दक्षिणपूर्व एसियामा सामान्य छन् । ज्वरोको प्रकोप बढेसँगै यी रोगबाट मृत्यु हुनेको संख्या पनि बढ्ने छ । यसबाहेक उत्तर अमेरिका र युरोप महादेशमा पनि यी रोगहरू फैलिने छन् ।

हाम्रो वरपरको हावापानी र वातावरणमा निश्चित र प्रत्यक्ष प्रभाव हुन्छ । यो पनि सत्य हो कि मानव शरीरले आफ्नो परिवेशअनुसार आफूलाई छाँटकाँट गर्छ र यसको पनि सीमा हुन्छ । एक सीमापछि, वायुमण्डल र जलवायु परिवर्तनले मानव शरीरमा आफ्नो निश्चित प्रभाव पार्न थाल्छ । विगत केही दशकयता पृथ्वीको बदलिँदो मौसमले हरेक वर्गको ध्यानाकर्षण गरेको छ ।

अत्यधिक चिसो हावापानीको तुलनामा तातो हावापानीले स्वास्थ्यमा बढी प्रतिकूल प्रभाव पार्छ । वरपरको वातावरणको तापक्रम बढ्दै जाँदा शरीरले आफ्नो आन्तरिक कार्यहरूद्वारा शरीरको तापक्रमलाई सामान्य राख्ने प्रयास गर्छ । यसमा पसिना आउनु, मुटुको धड्कन बढ्नु र रक्तनलीहरू फैलनु समावेश छ ।

वृद्धवृद्धामा पसिना आउने क्षमता जसरी पनि घट्छ, र दोस्रो उनीहरूको रक्तप्रवाह प्रणालीको क्षमता पनि घट्छ, जसका कारण गर्मीको वातावरणका कारण वृद्धवृद्धालाई सबैभन्दा बढी पीडा हुन्छ । गर्मीका कारण मृत्यु हुनेमा सबैभन्दा बढी बालबालिका र वृद्धवृद्धा रहेका छन् ।

औलो, डेंगी, पहेँलो ज्वरो, इन्सेफलाइटिस, श्वासप्रश्वाससम्बन्धी रोगहरू चिसो र तातो हावापानीमा छिटो फैलिन्छन् । आज यी रोगबाट पीडित बिरामीहरूको संख्या बढ्दै जानुले बदलिँदो मौसमले मानव स्वास्थ्यमा असर गरिरहेको कुराको प्रमाण हो ।

वायुमण्डलको तापक्रम बढेपछि केही क्षेत्रमा पहिले नदेखिएका धेरै रोग पनि ती क्षेत्रमा फैलिन सक्छन् । उदाहरणका लागि, डेंगी ज्वरो फैलाउने लामखुट्टे सामान्यतया समुद्र सतहदेखि तीन हजार ३०० फिटभन्दा माथि स्थानहरूमा पाइँदैन, तर अब ग्लोबल वार्मिङको कारण, कोलम्बियामा सात हजार २०० फिटसम्मको स्थानमा पनि पाइन्छ ।

कीरा, लामखुट्टे र झिंगाबाट सर्ने रोग, मुसाबाट सर्ने रोग युरोप र अमेरिका महादेशमा प्रशस्त मात्रामा पाइँदैनथ्यो, अहिले त्यहाँ पनि उनीहरूको संख्या निरन्तर बढिरहेको छ । हिमाञ्चल प्रदेश, नागाल्याण्ड, इन्डोनेसियाका पहाडी क्षेत्रहरूमा पनि आजकल मलेरियाले मानिसहरूलाई आफ्नो सिकार बनाउँदै छ, जसमा पहिले असम्भव मानिन्थ्यो । एक अनुमानअनुसार सन् २०७० सम्ममा विश्वको ६० प्रतिशतमा औलो फस्टाउनका लागि अनुकूल अवस्था सिर्जना हुने छ ।

जलवायु परिवर्तनले जीवाणुमा, कीटाणु वाहकहरूमा यस्तो परिवर्तन ल्याउन सक्छ, जसले पूर्णतया नयाँ प्रकारका रोगहरू निम्त्याउन सक्छ, जसको बारेमा हामीसँग जानकारी पनि हुँदैन, त्यसपछि तिनीहरूसँग लड्ने औषधि हुनुको कुनै प्रश्न नै छैन । यी रोगहरू चिसो जत्तिकै सरल र कम खतरनाक वा एड्स जत्तिकै खतरनाक हुन सक्छन् । यो संसारको कुनै एक कुनामा सीमित रहन सक्छ वा यो महामारी बन्न सक्छ र सम्पूर्ण विश्वलाई ढाक्न सक्छ ।

जलवायु परिवर्तनका कारण यस्ता संयोगहरू पनि सिर्जना हुन सक्छन्, जसका कारण विश्वको ठूलो जनसंख्यालाई नचिनेको रोगले सताउन सक्छ । कासेनूर वन रोग, भारतको कर्नाटक राज्यको भाइरसबाट सर्ने रोग । केन्यामा पहेँलो ज्वरोको फैलावट, इजिप्टमा रिफ्ट भ्याली ज्वरोका बिरामीहरूको बढ्दो संख्या त्यस्ता सम्भावित खतराहरूको जीवित उदाहरणहरू हुन् ।

समुद्री पानी, मरुभूमीकरण र औद्योगिक कृषिका कारण उर्वर जमिनको विनाशले कृषिमा कमी ल्याउने निश्चित छ । यसबाहेक बदलिँदो मौसमका कारण खडेरी, अत्याधिक वर्षा, असिनापानीलगायतका कारणले पनि यस उत्पादनमा असर पर्ने र त्यसमा बढ्दो जनसंख्याले पनि असर गर्छ । यस्तो अवस्थामा खाद्यान्न अभाव र पेट भर्ने समस्या विश्वव्यापी समस्याका रूपमा देखापर्नेछ, जसको परिणाम कुपोषण र भोकमरीले गरिब, अल्पविकसित र विकासोन्मुख देशहरूलाई सबैभन्दा बढी असर गर्ने छ । यो विश्वव्यापी समस्या समाधान गर्न सजिलो हुने छैन ।

फिलिपिन्सले जलवायु संकट तीव्र हुँदै जाँदा गम्भीर स्वास्थ्य जोखिमहरूको सामना गरिरहेको छ, तर ढिलो सुरु हुने जलवायु प्रभावहरूलाई सम्बोधन गर्नका लागि गरिएका उपायहरू सक्षम छैनन् । हामीलाई जलवायु परिवर्तनको स्वास्थ्य प्रभावहरूसँग अनुकूल स्वास्थ्य हेरचाह चाहिन्छ । फिलिपिन्समा औसत वार्षिक तापमान १९९० देखि २१०० सम्म उच्च उत्सर्जन परि दृश्यमा लगभग ३.७ डिग्री सेल्सियसले बढ्न सक्छ । गर्मी सूचकांकमा हुने अनुमानित वृद्धिले श्रमिकहरूमा, विशेषगरी कृषिमा काम गर्नेहरू, स्वास्थ्य हेरचाह कभरेजविनाको करार व्यवस्था र अनौपचारिक सहरी सेवाहरू र उद्यमहरूमा बढ्दो गम्भीर र नियमित गर्मीको लहरको प्रभाव पर्ने छ । बढ्दो तापक्रमले जमिन र पानीको अभाव, बाढीको अवस्था, खडेरी र विस्थापन, यी सबैले कृषि उत्पादनमा गम्भीर असर पार्ने बताए । यसले बारीमा खाद्य प्रणालीलाई थप घटाउने छ, बढ्दो गर्मीले उच्च रक्तचापको स्तर पनि बढाउँछ ।

अत्यावश्यक रूपमा महत्त्वपूर्ण भएता पनि जलवायु लक्ष्यहरू हासिल गर्ने प्रगतिमा बाधा परिरहेको छ । प्रशान्त प्राविधिक सहयोग निर्देशक र डब्ल्युएचओ प्रतिनिधि मार्क जेकब्सले बयानबाजीबाट बाहिर निस्कने र वास्तविक व्यावहारिक कार्यमा कसरी सर्ने भन्ने मुख्य चुनौती भएको बताएका छन् । हामीले अरू कसैका लागि यो ठूलो समाधानको साथ आउन पर्खनु पर्दैन । हामी व्यक्ति, परिवार, समुदायको रूपमा जलवायु परिवर्तनलाई न्यूनीकरण गर्न आफ्नै हातले कदम चालेर योगदान गर्न सक्छौं । व्यापार जस्तै सामान्य परिदृश्यअन्तर्गत, अनुमान गरिएको छ कि २०३० र २०५० को बीचमा जलवायु परिवर्तनले वार्षिकरूपमा थप दुई लाख ५० हजारको मृत्यु हुने अपेक्षा गरिएको छ ।

स्वास्थ्य र इक्विटीलाई जलवायु नीति निर्माणको केन्द्रमा राखेर, सरकारले व्यापक समर्थन जुटाउने र लगानीमा अधिकतम प्रतिफल दिने नीतिहरू बनाउन सक्छ । सफा हावा र पानी, स्वस्थ आहार, बस्नयोग्य सहर र यातायात प्रणाली उपलब्ध गराउने छ जुन मानिसहरूको स्वास्थ्य र कल्याणको लागि डिजाइन गरिएको होस् ।

समावेशी शासन, जलवायु-उत्थानशील विकाससँग जोडिएको लगानी, उपयुक्त प्रविधिमा पहुँच र स्केल-अप वित्त, र सबै तहमा सरकारहरूको क्षमता निर्माणले जलवायु प्रतिरोधी विकासलाई सक्षम बनाउँछ । जैविक विविधताको लचिलोपनको निर्माण, पारिस्थितिकी प्रणालीहरूको सुरक्षा सुनिश्चित गर्दै मानिसहरूका लागि लाभहरू कायम राख्न सकिन्छ ।

जीविकोपार्जन, मानव स्वास्थ्य र कल्याण, साथै विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणमा योगदान । एकीकृत कार्य, निर्णय लिने र अवस्थित सहरी डिजाइन, पूर्वाधार र भूमि प्रयोगलाई फिर्ता मापन गर्न आवश्यक छ । अधिक शाकाहारी आहार, अधिक वनस्पति-आधारित आहार को रूप मा रातो मासु र दूध उत्पादनद्वारा योगदान कृषि उत्सर्जनलाई ५५ प्रतिशत कम गर्न सक्छ र जुनोटिक रोगको जोखिम कम गर्न सक्छ ।

# कोप-२८ : यस्ता छन् नेपालको प्राथमिकता

**▶▶ भीष्मराज ओझा**

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धिको २८औं सम्मेलन (कोप-२८) मा नेपालले जलवायु वित्तदेखि हिमालका मुद्दासम्मका विषयलाई प्राथमिकताका साथ उठाउने तयारी गरेको छ । सम्मेलनमा नेपालले जलवायु अनुकूलनमा थप प्रतिबद्धता र कार्यान्वयन, जलवायु परिवर्तन न्यूनीकरण, जलवायु वित्त, हानी तथा नोक्सानी, पेरिस सम्झौताको विश्वव्यापी प्रगति समीक्षा, पर्वतीय राष्ट्रहरूका समस्याको पहिचान र सम्बोधनका विषयलाई महत्त्वका साथ उठाउने बताइएको छ ।

यसैगरी सम्मेलनमा लैंगिक, स्थानीय समुदाय, आदिवासी, युवाको चासो र सरोकार, प्रविधि हस्तान्तरण र क्षमता अभिवृद्धिलगायत विषयलाई समेत प्राथमिकताका साथ उठाउने वन तथा वातावरणमन्त्री डा. वीरेन्द्रप्रसाद महतोले बताए । मन्त्रालयले सम्मेलनमा प्रस्तुत गर्नका लागि उक्त विषयलाई समेटेर 'राष्ट्रिय स्थिति पत्र' तयार गरेको छ ।

कोप-२८ सम्मेलन यही मंसिर १४ देखि २६ गते (नोभेम्बर ३० देखि डिसेम्बर १२ तारिख)सम्म संयुक्त अरब इमिरेट्सको दुबईमा हुँदै छ । यस सम्मेलनलाई नेपालले निकै महत्त्वका साथ सोहीअनुसारको तयारी पनि गरेको छ । सम्मेलनमा नेपालले प्रधानमन्त्री पुष्पकमल दाहालको नेतृत्वमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत र वन तथा वातावरणमन्त्री महतोलगायत विज्ञसहतिको उच्चस्तरीय सहभागिता जनाउने छ ।

प्रधानमन्त्री दाहाल सम्मेलनमा सहभागिताका लागि यही मंसिर १३ गते दुबई प्रस्थान गर्ने र मंसिर १७ गते स्वदेश फर्कने छन् । प्रधानमन्त्री दाहालले सम्मेलनका क्रममा मंसिर १६ गते आयोजना हुने 'उच्चस्तरीय सत्र'लाई सम्बोधन गर्ने छन् । यही मंसिर १५ र १६ गते (डिसेम्बर १ र २ तारिख) हुने 'उच्चस्तरीय सत्र'मा विश्वभरबाट सम्मेलनमा सहभागी राज्य/सरकार प्रमुखहरूले सम्बोधन गर्ने कार्यतालिका छ ।

यसैगरी भ्रमणका क्रममा प्रधानमन्त्री दाहालले विभिन्न साइडलाइन वार्ता र उच्चस्तरीय भेटवार्तासमेत गर्ने विकास व्यवस्थापन विज्ञ तथा जलवायु सल्लाहकार डा. पुपलर जेन्टलले बताए ।

यसपटकको सम्मेलनमा नेपालले कार्यक्रम गर्नका लागि सम्मेलन परिसरमा पहिलोपटक आफ्नै 'पेभिलियन' (बृहत् मण्डला) स्थापना गरेको छ । मन्त्रालयको तालिकाअनुसार 'पेभिलियन'मा डिसेम्बर ३ देखि ११ तारिखसम्म विभिन्न विषयका ३६ कार्यक्रम हुने छन् । प्रधानमन्त्री दाहालले पेभिलियनको उद्घाटनमासमेत सम्बोधन गर्ने छन् । पेभिलियनमा हुने कार्यक्रमले नेपालका मुद्दामा विभिन्न कार्यक्रम गर्न सकिने र आफ्ना मुद्दा प्रदर्शन गर्न ठूलो सहयोग पुग्ने यस क्षेत्रका जानकारको भनाइ छ ।

यो सम्मेलनमा उच्चस्तरीय सहभागिताका साथै अन्य दृष्टिकोणले पनि नेपालका लागि थप महत्त्वपूर्ण हुने छ । सम्मेलनको पूर्वसन्ध्यामा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले गत कात्तिक १२ गतेदेखि नेपालको चारदिने औपचारिक भ्रमण गरेका थिए । उनले सगरमाथा र अन्नपूर्ण आधारक्षेत्रको स्थलगत भ्रमण गरी जलवायु परिवर्तनको विषयलाई दिएको प्राथमिकताले पनि यस सम्मेलनमा नेपाललाई आफ्ना विषय उजागर गर्न सहज हुने बताइएको छ ।

### जलवायु परिवर्तनबाट नेपालमा के-के असर परेको छ ?

विश्वव्यापी जलवायु परिवर्तनका कारण नेपाल उच्च जोखिममा छ । जलवायु परिवर्तनको असर विशेषगरी हिमाली क्षेत्रमा हिमताल पग्लने र विस्फोट हुने, पहाडी क्षेत्रमा पहिरो र सुक्खा खडेरी र तराई मधेसमा बाढी पहिरोहरू देखिन थालेको छ । हिमाल, पहाड र तराई मधेसमा बसोबास गर्ने गरिब, साना किसान, सीमान्तकृत आदिवासी, महिला, बालबालिका, अशक्त तथा ज्येष्ठ नागरिक बढी प्रभावित बनेका छन् ।

जलवायु परिवर्तनले अर्थतन्त्रमा विशेष योगदान गर्ने विषयगत क्षेत्र जस्तैः कृषि, जलस्रोत, पर्यटनलगायतका क्षेत्रमा, साथै खाद्यसुरक्षा, स्वास्थ्य, जलआपूर्ति, जीविकोपार्जन र सुरक्षामा व्यापक असर पारेको छ । आर्थिक एवं सामाजिक क्षेत्रमा हुने गिरावट र बढ्दो स्वास्थ्य र खाद्यसुरक्षाको समस्याका कारण भविष्यमा जलवायु संकटासन्नता र जोखिम अझ बढ्ने अनुमान गरिएको छ ।

एक वैज्ञानिक अध्ययनअनुसार हिमाली क्षेत्रको तापक्रम वर्तमान तथा भविष्यमा विश्वको औसत तापक्रमको दाँजोमा ०.३ डिग्री सेल्सियसदेखि ०.७ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ । पेरिस सम्झौताअनुसार विश्व समुदायले यस शताब्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम १.५ डिग्री सेल्सियसभन्दा बढ्न नदिन सहमति गरेता पनि सन् २०५० भन्दा पहिले नै हिमाली क्षेत्रको तापक्रम सरदर १.८ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ । उच्च तापक्रम वृद्धिले गर्दा यस क्षेत्रमा रहेका हिमालका दुईतिहाइ हिमभण्डार पग्लने अनुमान अध्ययनले गरेका छन् ।

### जलवायु सम्बन्धमा नेपालले गरेका प्रतिबद्धता र कार्य

नेपाल जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि (युएनएफसिसिसी)को पक्षराष्ट्र हो । महासन्धिको प्रावधानअनुरूप नेपालले जलवायु उत्थानशीलता अभिवृद्धि गर्न उपयुक्त नीतिगत, कानुनी तथा संस्थागत संरचना एवं वित्तीय व्यवस्था र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरेको वन मन्त्रालयका सचिव डा. दीपककुमार खरालले जानकारी दिए ।

नेपालले राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली, २०७७, स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय खाका, २०७६, जलवायु उत्थानशील योजना तथा बजेट तर्जुमा निर्देशिका, २०७७ र जलवायु परिवर्तनसम्बन्धी लैंगिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना, २०७७-८७ तर्जुमा गरी लागू गरेको वन सचिव डा. खरालले बताए । साथै पेरिस सम्झौताबमोजिम दोस्रो राष्ट्रियरूपमा निर्धारित योगदान (एनडिसी) र राष्ट्रिय अनुकूलन योजना (एनएपी) पेस गरेको छ । यसैगरी नेपालले २०७८ मा तेस्रो राष्ट्रिय सञ्चार प्रतिवेदन, राष्ट्रिय जलवायु संकटासन्नता तथा जोखिम मूल्यांकन प्रतिवेदन, दीर्घकालीन न्यून उत्सर्जन विकास रणनीति र २०८० मा राष्ट्रियरूपमा निर्धारित योगदानको कार्यान्वयन योजना स्वीकृत गरी लागू गरिरहेको छ ।

यसैगरी तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले कोप-२६ मा सन् २०३० सम्ममा ४५ प्रतिशत वन क्षेत्र कायम गर्ने, जलवायु जोखिमबाट देश र जनतालाई सुरक्षित राख्ने र सन् २०४५ मा कार्बन उत्सर्जनलाई शून्यमा झार्नेजस्ता महत्त्वाकांक्षी योजना प्रस्तुत गरेका थिए । कोप-२६ र कोप-२७ यता नेपालले अन्तर्राष्ट्रिय समुदायसामु हरित विकासतर्फ आफ्ना महत्त्वाकांक्षी लक्ष्य हासिल गर्न जलवायु वित्तमा सहज एवं पर्याप्त पहुँच तथा सबै राष्ट्रको साथ र सहयोगको अपेक्षा गरेको छ ।

साथै संयुक्त राष्ट्रसंघको ७८औं महासभामा नेपाल र अतिकम विकसित मुलुकहरूका तर्फबाट सम्बोधन गर्ने क्रममा प्रधानमन्त्री दाहालले नेपालले राष्ट्रियरूपमा निर्धारित योगदानमा उल्लिखित योजनाको कार्यान्वयनको अवस्थाबारे जानकारी गराएका थिए ।

### कोप-२८ सम्मेलनमा छलफल हुने विषय

यस सम्मेलनले कार्बन उत्सर्जन घटाउने दायित्वबारे छलफल, जलवायु अनुकूलन र राष्ट्रिय अनुकूलन योजनाबारे छलफल, पेरिस सम्झौताको कार्यान्वयन अवस्थाबारे समीक्षा, जलवायुजन्य हानी र नोक्सानी साथै कोष कार्यान्वयन, जलवायु वित्तसम्बन्धी छलफल, प्रविधि विकास, विस्तार र कार्यान्वयनलगायत विषयमा छलफल अगाडि बढाउने योजना प्रस्तुत गरेको वन मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा. बुद्धिसागर पौडेलले जानकारी दिए ।

यसैगरी महासन्धिअन्तर्गत रहेको क्षमता विकास, अल्पविकसित राष्ट्रहरूसँग सम्बन्धित विषय, जलवायु परिवर्तन र लैंगिक सम्बन्धमा, पेरिस सम्झौताको दफा ६ र कार्बन व्यापार, कार्यान्वयनका प्रावधानको प्रभाव, प्रशासनिक, वित्तीय र संस्थागत विषय, जलवायु परिवर्तन र पर्वतीय सवाललगायत विषयमा छलफल अगाडि बढाइने युएनएफसिसिसीको सचिवालयले जनाएको छ । *रासस*

# सार्वजनिक संरचना प्रदेश सरकारले निर्माण गर्ने



**जाजरकोट–** जाजरकोट भूकम्पबाट क्षति भएका सरकारी तथा सार्वजनिक संरचनाको निर्माण प्रदेश सरकारले गर्ने भएको छ । सरकारी कार्यालय, विद्यालय, प्रहरी कार्यालय, खानेपानी, सिँचाइ आयोजनामा भएको क्षति प्रदेश सरकारले निर्माण गर्ने कार्ययोजनाका साथ नियमित छलफलमा रहेको आर्थिक मामिला तथा योजनामन्त्री वेदराज सिंहले जानकारी दिए ।

भूकम्पले सबैभन्दा जाजरकोट र रुकुमपश्चिममा क्षति पुऱ्याएको छ । भूकम्पले कर्णालीका ५४ वटा प्रहरी कार्यालयमा क्षति पुगेको छ । जिल्ला प्रहरी कार्यालयदेखि अस्थायी प्रहरी चौकीसम्म भूकम्पले क्षति बनाएको कर्णाली प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले जानकारी दिए ।

## जाजरकोट भूकम्प

जाजरकोटमा ३३, रुकुम पश्चिममा १२, सल्यानमा तीन, जुम्लामा चारवटा, कालीकोटमा दुईवटा प्रहरी भवनमा क्षति पुगेको प्रमुख ढकालले जानकारी दिए । जाजरकोटका जिल्ला प्रहरी प्रहरी कार्यालयको चारवटा भवन भत्किएका छन् । बाह्रवटा इलाका प्रहरी कार्यालय, १० वटा प्रहरीचौकी, अस्थायी प्रहरी पोस्ट छ वटा, जिल्ला ट्राफिक कार्यालय एकवटा गरी जम्मा ३३ वटा भत्किएको ढकालले बताए ।

रुकुम पश्चिममा जिल्ला प्रहरी कार्यालयमा एक वटा, इलाका प्रहरी कार्यालय दुईवटा, प्रहरीचौकी चारवटा, अस्थायी प्रहरी पोस्टमा पाँचवटा गरी जम्मा १२ वटा भत्किएका छन् । त्यस्तै सल्यानमा इलाका प्रहरी कार्यालय तीनवटा भत्किएका छन् । जुम्लामा जिल्ला प्रहरी कार्यालय एक, इलाका प्रहरी कार्यालय एक र प्रहरीचौकी दुई गरी जम्मा चारवटा भत्किएको प्रहरीको भनाइ छ । कालीकोटमा जिल्ला प्रहरी कार्यालय एक र प्रहरीचौकी एक गरी जम्मा दुईवटा भत्किएका छन् ।

कर्णालीभरमा ३०० भन्दा बढी विद्यालय भत्किएको पाइएको छ । संघ र प्रदेश सरकारका प्राविधिक विद्यालयको अवस्थाका बारेमा बुझ्न पालिकामा गएका कारण हप्ता दिनपछि मात्र खास तथ्यांक आउने सामाजिक विकास कार्यालय जाजरकोटका प्रमुख यज्ञश्वार खत्रीले जानकारी दिए ।

स्वास्थ्य संस्थाको तथ्यांकसमेत अझै यकीन हुन सकेको छैन । स्थानीय तह र प्रदेश सरकारले तयार गरेको तथ्यांक फरक परेपछि समस्या भएको छ । कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयले अझै यकीन तथ्यांक पाउन नसकेको जानकारी दिएको छ । खानेपानी, सिँचाइतर्फ पनि कति क्षति भएको हो अझै यकीन भएको छैन । प्रदेश सरकारले १० करोड रुपैयाँ विपद् व्यवस्थापन कोषमा जम्मा गरेको छ भने एक अर्ब रुपैयाँ पुनर्निर्माणका लागि छुटचाएको छ । *रासस*

## सियान सीड सर्भिस सेण्टर लिमिटेडको चौविसौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०८/०६)
(दोश्रो पटक प्रकाशित मितिः २०८०/०८/११)

२०८०।०६।१४गते वसेको संचालक समितिको वैठकको निर्णय अनुसार यस सेण्टरको चौविसौ वार्षिक साधारण सभा निम्न लिखित मिति, समय एवं स्थानमा हुने ब्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई पत्रमार्फत् पठाई सकिएको छ । पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी सभामा उपस्थित भइदिनुहुनकालागि हार्दिक अनुरोध गरिन्छ ।

मितिः मंसिर १३ गते वुधवार, २०८० (२९ नोभेम्बर, २०२३)
समयः विहान ११:०० वजे
स्थानः कम्पनीको सभाहल, चन्द्रागिरी न.पा.-७, थानकोट, काठमाण्डौ
सम्पर्क फोन नं.: ९८५१०६६९४६, ९८५११९५४१७

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

## जो जससँग सम्बन्धित

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त **Black Pearl International Pvt. Ltd.** (इजाजतपत्र नं.: १५६८/०७९/०८) बाट (ना.प्र.नं.: १५३५८) बेशीशहर २, लमजुङ गण्डकी घर भएका **सन्जु मिया**ले यस प्रा लि को नाम प्रयोग गरेर बैदेशिक रोजगारमा पठाई दिन्छु भनि रकम संकलन गरिएको भन्ने सुन्नमा आएकोले यस प्रा लि को गम्भीर ध्यानाकर्षण भएको छ । यस प्रा लि को नाममा गरिने बैदेशिक रोजगार सम्बन्धि सम्पूर्ण काम यस प्रा लि बाट मात्र गर्नु र आर्थिक कारोबार गरेमा यस प्रा. लि. का **इरसाद आलम** लेखा शाखाबाट मात्र गर्नु हुन अनुरोध गर्दछौं । अन्यथा गरे गराएमा यस प्रा लि जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गरौदछौं । यस प्रा लि को नाममा अनधिकृत व्यक्तिहरूले वैदेशिक रोजगार सम्बन्धी कारोबार गरे गराएमा यस प्रा लि जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गरौदछौं ।

## जो जससँग सम्बन्धित

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त **Khoji Recruitment Services Pvt. Ltd.** (इजाजतपत्र नं.: ९०२/०६७/६८) बाट (ना.प्र.नं.: १५३५८) बेशीशहर २, लमजुङ गण्डकी घर भएका **सन्जु मिया**ले यस प्रा. लि. को नाम प्रयोग गरेर बैदेशिक रोजगारमा पठाई दिन्छु भनि रकम संकलन गरिएको भन्ने सुन्नमा आएकोले यस प्रा. लि. को गम्भीर ध्यानाकर्षण भएको छ । यस प्रा. लि. को नाममा गरिने वैदेशिक रोजगार सम्बन्धि सम्पूर्ण काम यस प्रा लि बाट मात्र गर्नु र आर्थिक कारोबार यस प्रा लि को लेखा शाखाबाट मात्र गर्नु हुन अनुरोध गर्दछौं । अन्यथा गरे गराएमा यस प्रा. लि. जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गरौदछौं । यस प्रा लि को नाममा अनधिकृत व्यक्तिहरूले वैदेशिक रोजगार सम्बन्धी कारोबार गरे गराएमा यस प्रा लि जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गरौदछौं ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAGIC CLEAN SOLUTION SDN BHD
पूर्व स्वीकृति मिति : २०८०/०४/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/१० LT. No. 290538 चलानी नं. ६०२०६०४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Service Worker. | 52 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० मंसिर १८ गते (4th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TC UNITRADE SDN BHD
पूर्व स्वीकृति मिति २०८०/०८/०८ LT. No. : 295175 चलानी नं.: ६०२१०४४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 25 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SMART GLOBAL CAPITAL SDN BHD
पूर्व स्वीकृति मिति २०८०/०८/०८ LT. No. : 295274 चलानी नं.: ६०२१०४४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 25 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० मंसिर १८ गते (4th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUHASHA LINK PVT. LTD.** License No. : 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4982668, 4962338, Fax: 01-4362338

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी :HELPING DESK TRADING AND SERVICES
पूर्व स्वीकृति मिति २०८०/०८/०८ LT. No.295347 चलानी नं.: ६०२१०४४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 3 | 1000 | ३६,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 0 | 2 | 1000 | ३६,५१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० मंसिर १८ गते (4th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Red Panda International Overseas Pvt. Ltd.**
P.O. Box No. 6546 Tokha-10, Manohar road, Kathmandu, Nepal Phone No: 01-4952910
E-mail : redpandaovs1375@gmail.com, Website : www.redpandaoverseas.com,

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AKIL JUTAMAS SDN BHD
पूर्व स्वीकृति मिति : २०८०/०८/०८ LT No. 295450 चलानी नं. : ६०२१०५८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० मंसिर १८ गते (4th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RED SUN EMPLOYMENT SERVICE PVT.LTD.(RED SUN SOLUTIONS PVT.LTD)** Govt. License 1274/074/75
Chabahil-7, Chuchepati, Kathmandu, BAGMATI
Tel : +977-01-5210104, 9801097930
Email: inforedsun2017@gmail.com,
Web: www.redsunemployment.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RESTORAN NASI KANDAR SUBAIDAH (M) SDN BHD
पूर्व स्वीकृति मिति २०८०/०८/०८ LT No. 295468 चलानी नं. ६०२१०६१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसारत | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० मंसिर १८ गते (4th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD** Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9856028101, 981-6692574
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLUE I CORPORATION SDN.BHD(700184-X)
